मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १४८ | २०७९ साल चैत २६ गते आइतबार | Sunday 9, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## कानुनबाहिर रौतहटका निजी अस्पताल र पोलिक्लिनिकहरु



आरके श्रीवास्तव
गरुडा, २५ चैत ।

रौतहटका विभिन्न स्थानीय तहमा सञ्चालनमा रहेका निजी अस्पताल पोलिक्लिनिकहरु कानुनी दायरा बाहिर छन् । उसो त उनीहरुलाई कानुनी दायरामा ल्याउनु पर्ने स्थानीय तहहरुले ६ वर्ष पुग्दासमेत स्थानीय स्वास्थ्य ऐन बनाउन नसकेपछि निजी अस्पतालहरुलाई पनि हाइसन्चो भएको हो ।

१८ स्थानीय तहमध्ये अधिकांशले स्थानीय स्वास्थ्य ऐन, नियम र कार्यविधि बनाउन सकेका छैनन् । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ को उपदफा १ बमोजिम ऐनको मस्यौदा बनाएर नगर-गाउँ सभाले पास गर्नुपर्ने व्यवस्था भए पनि स्थानीय सरकार ऐन, नियम, कार्यविधि बनाउने काममा जागरुक नहुँदा निजी अस्पतालहरुलाई कानुनविनै सञ्चालनका लागि वातावरण बनिरहेको हो । पोलिक्लिनिकहरु पनि थपिएका छन् । अस्पताल भन्दै सेवा दिइरहेका छन् ।

२५ बेडसम्मको निजी अस्पताल सञ्चालन गर्न दिने अधिकार स्थानीय तहलाई छ । दर्ता, नवीकरण र अनुगमनको अधिकार पनि स्थानीय तहलाई नै छ । तर ऐन नै नबन्दा अस्पताल सञ्चालकहरु एकातिर अन्योलमा छन् र अर्कातिर सहज महसुस पनि गरिरहेका छन् । जिल्लाका विभिन्न स्थानीय तहमा 'पसल' जस्तै अस्पतालहरु सञ्चालनमा छन् । 'स्थानीय सरकारको अनुमति छ त' भन्ने प्रश्नमा अधिकांश मौन रहन्छन्, प्रमाणपत्र पनि देखाउन सक्दैनन् । कतिपयले त कम्पनी दर्तासमेत गरेका छैनन् । गरेकाले अद्यावधिक गरेका छैनन् । स्थानीय तहको कमजोरीको फाइदा उठाउँदै उनीहरुको सामुहिक जवाफ हुने गरेको छ, 'हामीले फाइल तयार पारेर सम्बन्धित पालिकामा बुझाएको धेरै भयो, केही खबर आएको छैन ।' अस्पताल सञ्चालकहरुको फाइल स्थानीय सरकारको दराजको कुन घर्रामा छ भन्ने पनि विवरण छैन ।

फतुवापुर विजयनगरपालिकामा महादेव हेल्थकेर, नेसनल स्पिटल विजयपुर नाम गरेका निजी अस्पताल सञ्चालनमा छन् । यस्तै, मौलापुरमा मौलापुर क्लिनिक, शान्ति सेन्ट्रल हस्पिटल, रोशनी सर्जिकल फार्मेसी, गरुडामा रौतहट कान्ति बाल अस्पताल सञ्चालनमा छ । देवाही गोनाहीमा नेपाल लाइफ हस्पिटल पनि सञ्चालनमा छ । यी त केही नमूना नामहरु हुन् । १८ स्थानीय तहमा यस्ता थुप्रै 'प्रालि' जोडिएका निजी अस्पताल र पोलिक्लिनिकहरु कम्पनी दर्ता गरेका भरमा चलिरहेका छन् । उनीहरुको अनुमति र अनुगमन गर्ने स्थानीय सरकार नै हो । तर सरकार नै कमजोर भएको फाइदा निजी अस्पतालहरुलाई पुगिरहेको छ । कति अस्पताल होलान् भन्ने तथ्यांक पनि छैन स्थानीय तहसँग ।

नियमनकारी निकायको मौनताका कारण मौलापुर, गरुडालगायतका ठाउँमा दर्जनौँको संख्यामा स्थानीय तहबाट अनुमति नलिई गैरकानुनी तरिकाले अस्पताल तथा क्लिनिकहरू सञ्चालन छन् । स्थानीय निकाय, प्रहरी प्रशासनकै सेटिङमा अनुमति विनाका मापदण्डविपरीत अवैध अस्पताल तथा क्लिनिक सञ्चालन भएका छन् । रौतहटका अधिकांश २५ बेडसम्मका अस्पताल तथा क्लिनिक कानुन विपरीत सञ्चालित हुन् ।

मापदण्डविपरीत सञ्चालित अस्पताल तथा क्लिनिकको उपचार सेवा पनि जनतालाई ठगी गर्ने थलो बनिरहेको छ । दक्ष, योग्य तथा अनुभवी चिकित्सक नराखी उनीहरुले अरु बदमासी गरिरहेका छन् । अनुमानकै आधारमा उपचार र औषधि सिफारिसले पनि कयौँ सर्वसाधारण उपचारका नाममा यातना भोगिरहेका छन् । केही त ज्यान गुमाउन बाध्य छन् । पैसा कमाउने प्रलोभनमा अस्पतालहरुले मानव जीवनसँग खेलवाड गरिरहनु स्थानीय सरकारको अर्को छुट भएको छ । स्थानीय तहका जनप्रतिनिधि तथा स्वास्थ्य

- बाँकी पृष्ठ ६ मा

## बारामा उपेन्द्र यादवको इन्ट्री घरदैलोदेखि खेतमै पुगेर अपिल



मधेशदृष्टि
कलैया, २५ चैत ।

वैशाख १० गते हुने उपनिर्वाचनका लागि बारा-२ मा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवको इन्ट्री भएको छ । यादव विगत एकसातादेखि घरदैलो, खेतबारीमा पुगेर मत माग्ने कार्यमा व्यस्त छन् यादव । एकाबिहानैदेखि यादव त्यस क्षेत्रका जनताको दुःख, अभाव, सम्भावना खोज्दै-बुझ्दै घरदैलो अभियानमा जुटेका हुन् यादव ।

बारा-२ मा जसपाबाट सांसदमा विजयी भएका रामसाय यादव उपराष्ट्रपति भएपछि सांसद पद खाली भएको हो । सांसद पद खाली भएपछि निर्वाचन आयोगले बारा-२ मा वैशाख १० गते उपनिर्वाचन गर्दैछ । उपनिर्वाचनका लागि जसपा राष्ट्रिय अध्यक्ष यादव आफैँ उम्मेदवार छन् भने जनमत पार्टीले शिवचन्द्र कुशवाहालाई उठाएको छ । यादव ५ दलीय गठबन्धनबाट उम्मेदवार छन् । उनलाई नेपाली कांग्रेस, नेकपा माओवादी, नेकपा समाजवादी, लोसपाले सहयोग गर्नेछ । सत्ताधारी गठबन्धनका उम्मेदवारसमेत रहेका यादवलाई जिताउन गठबन्धनभित्रका सबै दलहरु इमानदारीकासाथ चुनावी कार्यक्रममा सक्रिय भएको जसपाका केन्द्रीय सदस्य पारस साह बताउँछन् । उनले घरदैलो कार्यक्रममा जनताको पूर्ण सहयोग र समर्थन प्राप्त भइरहेको र गठबन्धनका उम्मेदवार जिताउन जनता आतुर रहेको दाबी गरे । नेकपा एमालेबाट महागढीमाइ नगरपालिकामा मेयरमा निर्वाचन लडेका नेता राजाबाबु साहसमेत जसपामै सक्रिय छन् । उनी स्थानीय निर्वाचनमा महागढीमाई नगरपालिकाको मेयरमा दोस्रो स्थान प्राप्त व्यक्ति हुन् । प्रदेश सभा सदस्यमा स्वतन्त्रबाट चुनाव जितेका उनका बुबा शारदाशंकर प्रसाद साह

- बाँकी पृष्ठ ६ मा

## नागरिकता विधेयक पारित नभए आन्दोलनः तमलोपा




मधेशदृष्टि
जनकपुरधाम, २५ चैत ।

तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले विधि प्रक्रिया पूरा गरेर पारित भएको नागरिकता विधेयक २०७९ स्वतः कानुन घोषणा नगरिए संघर्षमा उत्रिने चेतावनी दिएको छ ।

शनिबार पत्रकार सम्मेलन गरी तमलोपा अध्यक्ष वृषेशचन्द्र लालले नागरिकता विधेयक, २०७९ कानुनको रुप लिइसकेको अवस्थामा स्वतः कानुन घोषणा गर्नुपर्ने माग गरे ।

उनले भने, 'सार्वभौम जनताको दुईटै संघीय संसदबाट विधायनसम्बन्धी सबै संवैधानिक प्रक्रिया पूरा गरी पारित भएको १५ दिनभित्र राष्ट्रपतिज्यूले एकपटकका लागि फिर्ता गर्नु उहाँका स्वविवेक हो, तर दोस्रोपटक प्रमाणिकरण गर्नैपर्ने संवैधानिक व्यवस्था हुँदाहुँदै  तात्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक व्यवस्थाको खिल्ली उडाउने काम भयो ।'

लालले भने, 'संविधानमा दोस्रोपटक फिर्ता पठाउने व्यवस्था नै छैन, त्यो स्वतः कानुन बन्न हो । तर त्यसलाई अझै रोकेर राख्नु संविधानको घोर उल्लंघन र लोकतन्त्रविरुद्ध खुला प्रहार तथा राज्यको मूल कानुनप्रति अवज्ञा हो ।' सरकारले पनि राजनीतिक रोटी सेक्न पुनः नयाँ नागरिकता विधेयक ल्याउने तयारीमा लाग्नु नागरिकताविहीन जनताप्रतिको अन्याय हभएको र यसमा सबैले एकजुट भएर लाग्नुपर्ने उनले बताए ।

पत्रकार सम्मेलनमा तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंहले भने, 'वर्तमान सरकार आफ्नो प्राथमिकता र साझा न्युनतम कार्यक्रममा ६ महिनाभित्र नयाँ विधेयक पारित गर्ने भन्नु नै आपत्तिजनक विषय हो, संसदीय मर्यादा मिच्ने अपराधलाई सदर गर्ने प्रयास मात्रै हो, सरकार स्वयम्ले लोकतन्त्र, संविधान र संसदीय मर्यादामाथि अर्को प्रहार गर्न खोज्नु निन्दनीय छ ।'

उनले विधेयक राष्ट्रपति कार्यालयमा रहेको र त्यसलाई प्रमाणिकरण गर्न कुनै कानुनी अवरोध नरहेकाले सम्माननीय राष्ट्रपतिलाई यथासिघ्र विधेयक प्रमाणिकरण गरी लोकतन्त्र र संसदीय मर्यादाको रक्षा गर्न आग्रह गरे । यदि त्यस्तो नभए सरकारले स्वयम् त्यसलाई कानुनका रुपमा घोषणा गरेर गएन भने तमलोपा विभिन्न चरणको संघर्षमा जाने उनले बताए । नेता सिंहले संसदीय प्रक्रिया अवलम्बन गरी संवैधानिक प्रक्रिया पूरा पारित भइसकेको विधेयक कानुन बन्नबाट रोक्ने कसैलाई अधिकार नभएको बताए ।

## विद्युत् सेवा बन्द गरेर कबाडी र कपडा तस्करी

*'शत्रुधन यादव, जयलाल, शेखावत, मुन्ना शेख, अम्बेया, मीरा, मदन रुन्चेलगायतका व्यक्ति कपडा तस्करीको लाइन पाएपछि सक्रिय भएर करोडौँ मूल्यका कपडा राजस्व छली इनर्वा गाउँको चोर बाटो हुँदै नेपाल ल्याइरहेका छन्'*



हरिशंकर शर्मा
वीरगंज, २५ चैत ।

४ महिनादेखि बन्द तस्करी लाइन खुला भएको छ । पर्सा प्रहरी उपरीक्षक कोमल शाह आएपछि बन्द तस्करी लाइन प्रहरी, सशस्त्र प्रहरीसँग सेटिङमा पुनः खुलेको हो । तीन महिनाअघि प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक एवम् सशस्त्र प्रहरी बल नेपाल नं. १३ गणका सशस्त्र प्रहरी उपरीक्षक आएदेखि रोकिएको थियो ।

भारतीय सीमावर्ती सहर रक्सौलबाट सर्वसाधारणले सानोतिनो घरायसी सामान ल्याएपछि सशस्त्र प्रहरीले इमानदारिताको खोलमा रोकतोक ररातिकासमयमासेटिङमाठेलाका ठेला कबाडीका सामान भारत तस्करी भइरहेको छ भने कपडा तस्कर महँगा कपडा नेपाल ल्याइरहेका छन् । वीरगंज भन्सार स्थित बोर्डर आउट पोष्टमा सशस्त्र प्रहरी नायब उपरीक्षक आएको केही समय बित्न नपाउँदै इनर्वा गाउँ एवम् वीरगंज भन्सार पछाडिका बाँसघारी क्षेत्रबाट सशस्त्र प्रहरीको सेटिङमा दैनिक करोडौँ मूल्य बराबरको कबाडीको सामान भारतमा तस्करी हुने गरेको हो भने तस्करीको कपडा भित्र्याउन तस्करहरुले लाइन पाएका हुन् ।

चार महिनादेखि बन्द तस्करी लाइन अघिल्लो आइतबारदेखि सञ्चालनमा आएको हो । राति १२ बजेपश्चात इनर्वा गाउँको चोरबाटो हुँदै दैनिक २ सय ५० सम्म ठेला कबाडीका सामान तस्करी गरिरहेका छन् । जब राति १२ बज्छ, त्यस क्षेत्रमा बिजुलीको लाइन काटिन्छ र ठेलाका ठेला तस्करीका सामान सिमा कटाएपछि पुनः लाइन जोडिन्छ । यसरी तस्करको दैनिकीमा विद्युत् प्रसारणसमेत रोक्ने काम भइरहेको छ । नेपाल भारत दुवै देशका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट आफ्नो देशको कबाडी आफ्नै देशमा स्क्र्याप गर्ने सम्झौता भएको छ । तर सम्झौताविपरीत तस्करले करोडौँ अर्बौं रुपैयाँको सामान कबाडीका नाममा भारत तस्करीलाई सञ्चालनमा ल्याएका छन् । तस्करले कबाडीका सामान वीरगंजदेखि रक्सौलको रामेश्वर फलमण्डीसम्म पुऱ्याउने जिम्मा पाएका छन् ।

कबाडीका नाममा जनावरको छाला, हड्डीलगायत बहुमूल्य धातु भारतमा तस्करी भइरहेको छ । कबाडी तस्करीको लाइन पाएका इमरान खानलगायत ८ जनाले दैनिक २ स देखि ३ सय ठेलामा कबाडीका नाममा बहुमूल्य सामान भारत तस्करी गरिरहेका छन् । बजारको बहुमूल्य सामान ठेलामा लोड गरी कबाडीका नाममा तस्करी भइरहेको छ । यो कार्यमा सशस्त्र प्रहरी एवम् नेपाल प्रहरीका सुरक्षाकर्मी सहयोगी बनेका छन् । बहुमूल्य सामानधनीले केयरिङ गर्ने तस्करलाई प्रतिकेजी १३ रुपैयाँ तथा ठेलावालालाई

- बाँकी पृष्ठ ६ मा

# पाँचवर्ष सरकार कसैले हल्लाउन सक्दैन : खाण



मधेशदृष्टि
जनकपुरधाम, २५ चैत ।
पूर्व गृहमन्त्री एवम् नेपाली कांग्रेसका नेता बालकृष्ण खाँणले पाँच वर्षसम्म गठबन्धन सरकारलाई कसैले हल्लाउन नसक्ने दाबी गरेका छन् ।

शनिबार महोत्तरीको जलेश्वरमा पार्टी सुदृढिकरण र संगठन विस्तारका लागि गरिएको १५ दिने पदयात्रा समापनमा नेता खाणले यस्तो दाबी गरेका हुन् । उनले भने, 'गठबन्धनको सरकार आलोपालो गरी चलाउने गठबन्धन दलबीच आपसी सम्झदारी भएको कारण तिक्तता आउने सम्भावना नरहेकाले गठबन्धन सरकार पाँच वर्षसम्म चल्नेछ ।'

आलोपालो सरकार मात्रै होइन, संघ र प्रदेश सरकारमा समेत गठबन्धन आवद्ध सबै दललाई समेटेर मन्त्रिपरिषद विस्तार हुने भएकाले गठबन्धन दलहरुबीच कुनै संसय र असन्तुष्टि नहुने विश्वास व्यक्त गर्दै खाणले महोत्तरी शाखाले गरेको पदयात्रा सराहनीय भएको बताए । उनले गाउँगाउँमा संगठन विस्तार गर्न नेता कार्यकर्तालाई निर्देशन दिए। कार्यक्रममा कांग्रेस सहमहामन्त्री महेन्द्र यादवले शेरबहादुर देउवा नेतृत्वको सरकारले सफल र शान्तरुपमा निर्वाचन गराउँदासमेत वामपन्थीहरुले सरकार चलाउन नसकेर पुनः देशको निकासको जिम्मा कांग्रेसकै हातमा आएको बताए । मधेश प्रदेश अध्यक्ष कृष्ण यादवले मधेशको विकास पनि कांग्रेस नेतृत्व बिना असफल रहेको बताउँदै पछिल्लो पटक सिद्ध भइसकेकाले आउँदो सरकारको नेतृत्व कांग्रेसलाई दिए सार्थक गरेर देखाउने बताए। महोतरीका जिल्ला सभापति नागेश्वर यादवको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेसका प्रदेश सभा सदस्य शेषनारायण यादवलगायतका प्रदेश सांसद, मेयर र उपमेयरमा निर्वाचित जनप्रतिनिधि, केन्द्रीय, प्रदेश र जिल्लाका नेताको उपस्थिति थियो ।

# उपराष्ट्रपतिद्वारा जानकी मन्दिरमा पूजा



मधेशदृष्टि
जनकपुरधाम, चैत २५ गते । उपराष्ट्रपति रामसहाय यादवले जनकपुरधामको जानकी मन्दिरमा विशेष पूजाअर्चना गरी प्रसाद ग्रहण गरेका छन् ।

उपराष्ट्रपति यादवलाई जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णव सहितका साधुसन्तले स्वागत गर्दै विशेष पूजा अर्चना गराएका थिए । उपराष्ट्रपति यादवलाई उत्तराधिकारी महन्थ रामरोशन दासले मन्दिरबारे ऐतिहासिक संक्षिप्त रुपमा जानकारीसमेत गराए ।

सिरहामा हुने कार्यक्रममा सहभागी हुन जनकपुरधाम हुँदै गइरहेका बेला जानकी मन्दिरमा पुगेर उनले विशेष पूजाअर्चना गरेका हुन् । उनका स्वागतका लागि जानकी मन्दिरमा प्रदेश प्रमुख हरिशंकर मिश्र, मधेश प्रदेश सरकारका सामाजिक विकासमन्त्री सुरिता कुमारी साह, प्रदेशसभाका सदस्य रामअशिष यादव, धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, अन्य सुरक्षा निकायका प्रमुख पुगेका थिए ।

# पर्यटकीय स्थलको प्रचार प्रसार हुन सकेन : मन्त्री यादव




मधेशदृष्टि
जनकपुरधाम, २५ चैत ।
मधेश प्रदेशका उद्योग, पर्यटन तथा वन मन्त्री सुनिता यादवले प्रदेश स्थित धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचार प्रसार हुन सकेको गुनासो गरेकी छिन् । शनिवार जनकपुरधामा आयोजित प्रेस सेन्टर नेपाल धनुषाको साधारण सभा कार्यक्रमको उद्घाटन सत्र कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले जानकी मन्दिरको उदाहरण दिदैं भनिन् जुन रुपमा प्रचार प्रसार हुनुपर्ने त्यो रुपमा हुन सकेको छैन ।

उनले पांच वर्षको कार्यकालमा आफूले चलाई रहेको मन्त्रालय उद्योग, पर्यटन तथा वन मन्त्रालय समेतले यहाँका पर्यटकीय तथा धार्मिक स्थलहरुको प्रचार प्रसार गर्नुपर्ने हो त्यो रुपमा गरेको छैन । तर अब आफूले पर्यटक भित्र्याउन यहाँस्थित धार्मिक स्थल तथा पर्यटकीय स्थलको प्रचार प्रसारमा तिव्रत दिने प्रतिबद्धता जनाउंदै संचारकर्मीहरु समेतले प्रदेश स्थित ऐतिहासिकता बोकेका धार्मिक तथा घुम्ने पर्यटकीय स्थलबारे कलमको माध्यमले प्रचार प्रसार गर्नुपर्ने आवश्यकता रहेको बताईन ।

उनले भनिन् प्रदेशको आयश्रोतको विभिन्न श्रोत मध्ये पर्यटन पनि रहेको छ । तर हाम्रो प्रदेशमा पर्यटनको विकास तथा प्रचार प्रसार हुन नसकेको कारण पर्यटकीय आय आर्जनमा कमी देखिएको छ । प्रदेश सरकारले अब पर्यटीय स्थलको प्रचार प्रसारका लागि नयाँ निती ल्याउने बताईन ।

कार्यक्रममा प्रदेश सभा सदस्य शारदा दास पहाडीले भनिन् पत्रकारिता पेशालाई स्वच्छ तथा मर्यादित बनाउन आवश्यक रहेको छ । उनले भनिन् अहिले पत्रकारहरुको क्वालिटी भन्दा क्वान्टिटी बढदै गएकाले पत्रकारिता पेशा समेत संकटमा पर्दै गएको औल्याईन ।

सेन्टरका धनुषाका अध्यक्ष संजीव मण्डलको अध्यक्षतामा उद्घाटन सत्र कार्यक्रममा नेपाल प्रेस युनियन धनुषाका अध्यक्ष राजन सिंह, प्रेस चौतारी धनुषाका अवधेश कामत र मधेशी पत्रकार समाज धनुषाका अध्यक्ष सुभाष कर्ण सहितका वक्ताहरुले देशमा संघीयताको बदौलत तीन तहको सरकार आएपनि सबै कुरा केन्द्रिकृत नै रहेको बताए ।

खासगरी प्रदेश र स्थानीय सरकारले आ आफ्ना सबै विज्ञापन प्रदेश र स्थानीय तह स्थित संचार माध्यमलाई उपलब्ध नगराई काठमाडौ केन्द्रित पत्रपत्रिका तथा कुनै एउटै मिडियालाई एकछत्र रुपमा उपलब्ध गराउंदै आएकोमा अन्य संचार माध्यम बन्द हुने अवस्थामा पुगिसकेकाले यसप्रति सम्बन्धित निकायले ध्यान दिन आवश्यक रहेको कुरामा जोड दिएका थिए । वरिष्ठ पत्रकार सन्त क्षेत्री र विश्वमणि खनाललाई सम्मान गरिएको थियो ।

# नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न




मधेशदृष्टि
जनकपुरधाम, २५ चैत। धनुषाको कमला नगरपालिकामा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

रिसिका हेल्थ केयर प्रालि, सूर्य क्लिनीक र सूर्यतारा डाइविटिज थाइराइड एण्ड इन्डोक्राइन सेन्टरको आयोजनामा शनिबार आयोजित सो शिविरमा ५५० जनाभन्दा बढीले स्वास्थ्य जाँच गराएको शिविर सञ्चालन समितिका संयोजक जेनरल फिजिसियन डा. श्यामबाबु साहले जानकारी दिएका छन् ।

शिविरमा विभिन्न विभागका विशेषज्ञ चिकित्सकहरूले स्त्री रोग, हाडजोर्नी, जेनरल मेडिसिन, छाती रोगसम्बन्धी चिकित्सीय सेवा सहित औषधि समेत निशुल्क औषधि समेत उपलब्ध गराइएको थियो ।

शिविरमा जेनरल फिजिसियन डा. श्यामबाबु साह, डाइविटिन, थाइराइड एवम् हार्मोन रोग विशेषज्ञ डा. सितेश कुमार गोइत, हार्डजोर्नी तथा नशा रोग विशेषज्ञ डा. गोपाल प्रसाद यादव र डा. रामकिशोर गोइत, बालरोग तथा आन्द्रा र कलेजो रोग विशेषज्ञ डा. अर्चना श्रेष्ठ यादवले स्वास्थ्य परिक्षण गरेका थिए । स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. सारिका गोइत, स्त्री तथा प्रसुती रोग विशेषज्ञ एवम् ल्याप्रोस्कोपिक सर्जन डा. तेज शंकर यादव, जेनरल तथा ल्याप्रोस्कोपिक सर्जन डा. रविन प्रताप साह, आँखा रोग विशेषज्ञ डा. श्याम शंकर यादवलगायतका चिकित्सकहरुले समेत बिरामीहरूको निःशूल्क स्वास्थ्य परिक्षण गरेका थिए । शिविर सञ्चालनका लागि कमला नगरपालिका वडा नम्बर-३ का वडाध्यक्ष रामभगत यादवले सहयोग गरेका थिए ।

# लागू औषधसहित एक पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, २५ चैत ।
प्रतिबन्धित लागूऔषध सहित सर्लाहीबाट एक २० वर्षीय युवक पक्राउ परेका छन् ।

शनिबार बिहान सर्लाही जिल्लाको मलंगवा नगरपालिका २ मा भारतबाट साईकल चलाउदै नेपाल तर्फ आउँदै गरेका कौडेना गाउँपालिका २ ईनर्वा बस्ने २० वर्षीय किसन यादवलाई प्रहरीले पक्राउ लागू औषध सहित पक्राउ गरेको छ ।

प्रहरीका अनुसार उनको साथबाट कोडिवेल नाम १०० एमएलको ५० बोत्तल बरामद गरेको छन । थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# जनकनन्दनीमा सूचना सञ्चार प्रविधि तालिम



मधेशदृष्टि
जनकपुरधाम, २५ चैत ।
धनुषाको जनकनन्दिनी गाउँपालिकामा तीन दिवसीय सुरक्षित विद्यालय फ्रेमवर्क कार्यान्वयन कार्यविधि र सूचना सञ्चार प्रविधि तालिम भएको छ ।

गाउँपालिकास्थित मावि खजुरी चन्हामा भएको तालिममा जनकनन्दिनी र विदेह नगरपालिकाका विभिन्न १५ विद्यालयका ३० शिक्षकलाई तालिम दिएको छ । प्लान इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग र आसमान नेपालको आयोजनामा सञ्चालित सिकाइ परियोजना अन्तरगत तालिम दिइएको हो । कक्षाकोठा व्यवस्थापन, विगत र वर्तमान अवस्थामा हुनु पर्ने परिवर्तन, आधुनिक प्रविधिको प्रयोगलगायतका विषयमा तालिम दिइएको आयोजकले जनाएको छ ।

तालिममा शिक्षकले प्रभावकारी शिक्षण सिकाइको लागि विभिन्न किसिमका साधन प्रयोग, ब्लाकबोर्ड/ह्वाइटबोर्ड, कक्षाकोठाभित्र पाठ्यपुस्तक, भित्तेलेखन जस्ता शैक्षिक सामग्री प्रयोग, उनीहरुले सिकाइलाई समुदाय तथा व्यवहार परिवर्तन गर्नबाट वञ्चित भइरहेका कारण बदलिदो परिस्थितिमा कक्षाकोठा एउटा प्रयोगशाला कसरी गर्ने सम्बन्धमा तालिम दिइएको बताइएको छ ।

तालिमले विद्यालयको न्युनतम सुरक्षा उपायका लागि गर्नुपर्ने क्रियाकलाप समेटिएको कार्यविधिले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि मार्गनिर्देश, सरकारले लिएको उत्थानशीलता अभिवृद्धिका लक्ष्य पूरा गराउनमा मुद्दत पुग्ने कार्यक्रम संयोजक संजीवकुमार साहले बताए ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# सप्तरीका स्थानीय तहमा भ्रष्टाचारको सञ्जाल

मधेशदृष्टि
जनकपुरधाम, २५ चैत ।
'गाउँगाउँमा सिंहदरबार' भनिएका स्थानीय सरकार स्रोत दुरुपयोग र भ्रष्टाचारको अखडा बन्दै गएको छ । अधिकांश स्थानीय तहमा पालिकामा स्रोतको दुरुपयोग भइरहेको देखिएको छ ।

स्थानीय तहका जनप्रतिनिधिले पदीय आडमा भ्रष्टाचारको सञ्जाल नै बनाइसकेका छन् । निमित्त अधिकृतका भरमा जिल्लाका अधिकांश स्थानीय तह सञ्चालन भइरहेका छन् । निमित्त पद जोगाउन अधिकृत माथिल्लो निकायमा कमिसन बुझाएर टिक्ने काममा लागेका छन् भने जनप्रतिनिधि विकासे योजनाको नाममा कमिसन बटुलिरहेका छन् ।

कञ्चनरुप, बोदेबरसाइन, हनुमाननगर, शम्भुनाथ नगरपालिका निमित्तकै भरमा चलिरहेका छन् । यहाँबाट मन्त्रालयको कर्मचारीसम्मलाई कमिसन गइरहेको नगरपालिका कर्मचारी स्रोतको भनाइ छ ।




राजविराज नगरपालिका

राजविराज नगरपालिकाका तात्कालीन प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनु सरुवा भई फागुन ५ गते अन्यत्र गइसकेपछि राजविराज नगरपालिका लथालिङ्ग बनेको छ । नयाँ प्रमुख प्रशासकीय अधिकृत नआउँदा कार्यालय सञ्चालनसमेत अलपत्र परेको छ । जनप्रतिनिधिले निमित्त प्रमुख प्रशासकीय अधिकृत ल्याउने निर्णय गरेर पैसाको पोको बोकेर मन्त्रालय धाइरहेको बुझिएको छ ।

राजविराज नगरकार्यपालिका बोर्डको निर्णयबाट नगरपालिकामै कार्यरत मनोजकुमार यादवलाई निमित्त बनाएर ल्याउने निर्णय भए पनि मन्त्रालयले मानेका छैन । जनप्रतिनिधिको यस्तो निर्णयले राजविराज नगरपालिका अस्तव्यस्त बनेको छ । यादव राजविराज नगरपालिकामा कार्यरत सातौं तहका अधिकृत हुन् । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवका विस्वासपात्र मानिने यादव मंसिर ४ को चुनावमा उपेन्द्रको दुत भएर काम गरेका थिए । गएको निर्वाचनमा उनलाई निर्वाचन आयोगले स्पष्टीकरण समेत सोधेको थियो ।

नगरपालिको स्रोत दुरुपयोग गर्न माहिर यादवले नगरमा खरिद हुने औषधीसमेत आफ्नो बुबाका नाममा रहेको जगदिश फार्मेशी एन्ड सप्लायर्सबाट खरिद गरेको देखिन्छ । झन्डै १९ लाख ९८ हजार ७ सय ६२ रुपैयाँ बराबरको औषधी खरिद गरी भ्रष्टाचार भएको नगरपालिकाद्वारा गठन गरिएको छानबिन समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाएको प्रतिवेदनमा उल्लेख छ । यादवले समेत फार्मेसी आफूहरुकै रहेको स्वीकारेका छन् ।

सडक बोर्डबाट आएको करोडौं रकम उनले आफ्नो विस्वासपात्र उपभोक्ता र कम्पनीसँग सम्झौता गरेर गैरकानुनीरुपले अनुकुल काम गराएका थिए । यसमा निलम्बित मेयर भिमराज यादवको पनि संग्लनता रहेका कारण उनले मनोजलाई निमित्त बनाएर सडक बोर्डबाट भएका कामको भुक्तानी लिने मनसाय रहेको कर्मचारी स्रोतको दाबी छ । यादवले सडक बोर्डवाट ५ करोड रुपैयाँको काम भइसकेको र त्यसको भुक्तानीका लागि पहल भइरहेको बताए । मेयर यादव अख्तियारमा परेपछि राजविराज नगरपालिका कार्यबाहकका भरमा छ भने प्रमुख प्रशासकीय अधिकृतविहीन छ ।

बोदेबरसाइन नरपालिका

बोदेबरसाइन नगरपालिकामा त भ्रष्टाचारकै सञ्जाल रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिनका लागि पठाएको विभिन्न पत्रले प्रष्ट हुन्छ । स्थानीय तहका लागि आवश्यक विभिन्न सामग्री खरिद समितिमा बस्न र सम्पन्न काममा भएका भ्रष्टाचार छानबिनका लागि अख्तियारले दर्जनौं पत्र पठाएको बुझिएको छ ।

बोदेबरसाइन नगरपालिका वडा नम्बर ३ र वडा नम्बर ९ मा एउटै सडकमा दोहोरो बजेट प्रयोग गरेर पटकपटक करोडौं भ्रष्टाचार भएको उजुरीहरु परेको आधारमा छानबिनलाई अगाडि निरन्तरता दिइरहेको अख्तियारले जनाएको छ ।

सप्तरीका १८ स्थानीय तहमध्ये अधिकांश स्थानीय तहमा भ्रष्टाचार गर्ने सञ्जाल नै बनेको छ । कञ्चनरुप नगरपालिकामा सबैभन्दा बढी कमिसनको चलखेल भइरहेको आरोप पटकपटक लाग्दै आएको छ भने शम्भुनाथ नगरपालिकामा भ्रष्टाचारीका मतियार बनेको आरोपमा प्रमुख नै निलम्बनमा परिसकेका छन् ।

# उपेन्द्र जिताउन सोनललाई जिम्मेवारी

मधेशदृष्टि
वीरगंज, २५ चैत ।
लोकतान्त्रिक समाजवादी पार्टीले वैशाख १० गते हुने उपनिर्वाचनमा बारा-२ का उम्मेदवार उपेन्द्र यादवलाई सहयोग गर्न पार्टीका नेता जितेन्द्र सोनललाई खटाएको छ ।

लोसपाका अध्यक्ष महन्थ ठाकुरले एक विज्ञप्ति जारी गर्दै सोनललाई बारा क्षेत्र नम्बर २ मा खटाएका हुन् ।

पत्रमा पार्टी पंक्ति र गठबन्धनमा रहेका अन्य दलहरूसँग समन्वय र सहकार्य गर्न सोनललाई आग्रह गर्दै निर्वाचन सफल एवम् परिणाममुखी बनाउन प्रतिनिधिका रूपमा खटाइएको उल्लेख छ ।

यस क्षेत्रमा उम्मेदवार बनेका जसपा अध्यक्ष उपेन्द्रलाई नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र लोसपाको समर्थन छ ।

यो क्षेत्रमा जनमत पार्टीका शिवचन्द्र कुशवाहा, एमालेबाट पूर्वमन्त्री पुरुषोत्तम पौडेल र राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेलजस्ता हेभिवेट उम्मेदवार प्रतिस्पर्धी छन् ।

# जसपालाई एमालेले बचाइदिएको हो: पोखरेल

मधेशदृष्टि
वीरगंज, २५ चैत ।
नेकपा एमालेका महासचिव शंकर पोखरेलले बारा क्षेत्र नम्बर २ को उपनिर्वाचनमा एमालेलाई सहयोग गर्नुपर्ने जसपाको कर्तव्य भएको बताएका छन् ।

बाराको तेलकुवामा आयोजित युवा संघको क्षेत्रीय भेलालाई सम्बोधन गर्दै महासचिव पोखरेलले गत निर्वाचनमा जसपासँग चुनावी तालमेल गरेर एमालेले जसपालाई बचाइदिएको र यसपटक जसपाले एमालेका उम्मेदवारलाई विजय बनाउन लाग्नु पर्ने कुरामा जोड दिए ।

उनले जसपाका अध्यक्ष उपेन्द्र यादवले कहिले मोरङ, कहिले सुनसरी त कहिले सप्तरीलाई आफ्नो भन्ने गरेकामा उनका लागि कहीं पनि आफ्नो नभएको बताए । महासचिव पोखरेलले गठबन्धन दलका उम्मेदवार बनेका यादवले बारा क्षेत्र नम्बर २ मा आएर सोही कुरा गरिरहेको हुँदा भ्रममा नपर्न मतदातालाई आग्रह गरे । उनले भने, 'गत निर्वाचनमा जसपासँग तालमेल गर्दा उपेन्द्रजीलाई सप्तरी क्षेत्र नम्बर २ मा उम्मेदवार नबन्नुस्, अन्य निर्वाचन क्षेत्रबाट लड्नुस् भन्दा नमानेका कारण पराजित हुनुभयो ।' महासचिव पोखरेलले बाराका जनताको समस्यामा सधैँ साथ दिने एमालेका नेता पुरुषोत्तम पौडेललाई विजय बनाउने विश्वास व्यक्त गरे ।

उनले आगामी वैशाख १० गते हुन गइरहेको उपनिर्वाचनमा एमालेका उम्मेदवारलाई मतदान गरी विजयी बनाउन आग्रह गरे । पोखरेलले तराई मधेशका धेरै नेता पटकपटक मन्त्री हुँदा काठमाडौंमा उनीहरूका महल बन्ने तर तराई मधेश र यहाँका जनताको अवस्था जस्ताको तस्तै रहेको बताउदै विगतको स्मरण गर्न मतदातालाई आग्रह गरे ।

# राज्यको आय घट्दै, तलब खुवाउनै समस्या

मधेशदृष्टि
काठमाडौं, २५ चैत ।
सरकारी आयव्ययको स्थिति झण्डै २ खर्ब रुपैयाँ घाटामा पुगेको छ । चालु आर्थिक वर्षको चैत २४ गतेसम्ममा मुश्किलले ६ खर्ब ७४ अर्ब ७८ करोड रुपैयाँ बराबरको राजस्व संकलन भएकामा सार्वजनिक खर्च ८ खर्ब ६४ अर्ब ७८ करोड रुपैयाँमाथि रहेको छ ।

आय र व्ययलाई हेर्दा समीक्षा अवधिमा सरकार १ खर्ब ८९ अर्ब ९९ करोड रुपैयाँ घाटामा देखिन्छ । लक्षित राजस्वको ५० प्रतिशत पनि उठ्न नसक्दा सरकारी कोष घाटामा गएको अर्थविद्हरुको भनाइ छ । चालु आर्थिक वर्षका लागि सरकारले १४ खर्ब ५८ अर्ब ६० करोड रुपैयाँ बराबरको राजस्व उठाउने लक्ष्य रहेकामा आर्थिक वर्षको चैत २४ गतेसम्म ६ खर्ब ७४ अर्ब ७८ करोड ३७ लाख रुपैयाँमात्र राजस्व उठेको हो, जुन ५५ वर्ष यताकै न्युन आय हो ।

आर्थिक मन्दीको प्रभावस्वरुप तरलता अभावसँगै विदेशी मुद्राको सञ्चितिमा दबाब परेपछि सरकारले आयातमा लगाएको प्रतिबन्धका कारण राजस्वमा संकुचनमा पुगेको हो । आयात प्रतिबन्ध, मौद्रिक नीतिमा कडाइ, बजार महँगी र कम सरकारी राजस्व संकलनले निम्त्याएको खर्च कटौतीबाट यस वर्षको आर्थिक वृद्धिदर नै घट्ने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

सरकारी वित्तीय स्थिति झण्डै २ खर्ब रुपैयाँले घाटामा जाँदैगर्दा अपेक्षित राजस्व उठ्न नसकिरहेको बेला अब सरकारलाई नियमित खर्च चलाउन पनि गाह्रो पर्न सक्ने स्थिति आएको सबैतिरबाट आँकलन हुन थालेको छ । यस्तो स्थिति केन्द्रमा मात्र नभएर प्रदेश र स्थानीय तहसम्मै आइसकेको सरोकारवालाहरु बताउँछन् ।

तलब भत्तामा समस्या

राजस्वको स्रोत खुम्चिँदा सरकारलाई खर्च चलाउन निकै सकस परिरहेको छ । यस्तै स्थिति कायम रहे भने पुँजीगततर्फको विकास खर्च मात्र होइन, सरकारलाई चालू खर्चतर्फ नियमित दैनिक प्रशासनिक खर्च, कर्मचारीको तलब भत्ता वितरणमा समेत समस्या पर्ने देखिन्छ ।

हुनत अर्थतन्त्रको गाम्भीरतालाई मनन् गर्दै सरकारले व्यापक खर्च कटौतीको नीति लिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले जारी गरेको 'संयुक्त सरकारको प्राथमिकता तथा साझा न्यूनतम कार्यक्रम'मा व्यापक खर्च कटौतीसँगै राजस्व संकलनलाई प्राथमिकता दिने भनेका छन् । तर जुन रुपमा खर्च भइरहेको छ त्यसले कटौती असम्भव देखिन्छ । कमजोर राजस्व संकलनकै कारण अर्थतन्त्रमा दबाब परेसँगै यसअघिका अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारी मन्त्रालयगत तथा निकायहरुको २० प्रतिशतसम्म खर्च कटौतीको नीति लिएका थिए । यसबाट कम्तीमा १४ देखि २० अर्ब रुपैयाँ बचत हुने सरकारको अनुमान छ । बजेट खर्चसँगै राजस्व संकलनमा आएको तीब्र गिरावटले तीनवटै तहको सरकारलाई खर्चको समस्या पर्न थालिसकेको अर्थविद् डा.चन्द्रमणि अधिकारीको भनाइ छ ।

'केन्द्रमा मात्र होइन, अब प्रदेश सरकार र स्थानीय तहमै खर्चको समस्या पर्नेवाला छ । राजस्व उठ्दै नउठेपछि कसरी खर्च गर्ने ?' अर्थविद् डा.अधिकारीले भने, 'अहिले नै स्थानीय तहका कर्मचारीले तलब पाएनौं, तलब दिनुपर्‍यो भनेर केन्द्र सरकारसँग सहयोग माग्न आउन थालेको छ । यस्तै स्थिति कायम रहे तलब खुवाउन सरकारलाई धौ धौ पर्नेछ ।' तर, अर्थमन्त्रालयका सहसचिव सुमन दाहाल राजस्वको दबाबमा सार्वजनिक खर्चमा केही असहज भए पनि कर्मचारीलाई तलब भत्ता नै खुवाउन नसक्ने अवस्था नआउने दाबी गर्छन् । उनी भन्छन्, 'स्रोत खुम्चदा खर्चमा केही असहज पक्कै भएको छ । खर्च नै गर्न नसकिने अवस्था भने आइसकेको छैन । अहिले पनि पुँजीगत खर्चको भुक्तानी गरिरहेका छौं ।'

केही दिन यता सरकारले नियमितसँगै पुँजीगत खर्च भुक्तानीमा समेत तीव्रता दिएको छ ।

महालेखा नियन्त्रण कार्यालयका अनुसार शुक्रबार मात्रै सरकारले ५ अर्ब ७५ करोड २६ लाख रुपैयाँ बराबरको भुक्तानी गरेको छ । पुँजीगततर्फ ९८ करोड २ लाख रुपैयाँ भुक्तानी गरेको सरकारले नियमित (चालुतर्फ) ४ अर्ब ७७ करोड २४ रुपैयाँ बराबरको भुक्तानी गरिसकेको छ ।

# शोभायात्रामा ढुंगामुढा गर्ने को ?

मधेशदृष्टि, वीरगंज, २५ चैत ।
विश्व हिन्दू परिषद्ले वीरगंजमा गरेको शोभायात्राका सहभागीमाथि आक्रमण गर्दै शान्ति र सद्भाव भड्काउने षड्यन्त्र भइरहेको जनाएको छ ।

परिषद्ले शनिबार साँझ विज्ञप्ति जारी गर्दै भनेको छ, 'हनुमान जन्मोत्सवका अवसरमा वीरगंजमा गरिएको शान्तिपूर्ण शोभायात्राका क्रममा छपकैया-२ मा ढुंगामुढा भएको घटनाले परिषद् र समस्त हिन्दूजनलाई गम्भीर बनाएको छ, बहुसंख्यक हिन्दूको पर्वमा पटकपटक यस्ता घटना दोहोरिएका छन्, यो देशकै अमनचयन र शान्तिसुरक्षा खल्बल्याउने प्रयास हो ।'



परिषद्का अध्यक्ष टिका बहादुर पहारी र महासचिव जितेन्द्र कुमार सिंहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस्तो अराजकता मच्चाउन खोज्ने झुण्डलाई कानुनी कारबाहीको दायरामा ल्याउन अपिल गर्दछौं ।' परिषद्ले घटनाका दोषीलाई उन्मुक्ति दिने प्रयास भए परिणाम 'राम्रो नहुने' भन्दै आक्रोश व्यक्त गरेको छ ।

# गहुँको मूल्य घट्दा किसान चिन्तित

मधेशदृष्टि
वीरगंज, २५ चैत ।
पर्सामा गहुँ कटानी गर्ने समयमा व्यापारीले गहुँको मूल्य घटाएपछि किसान चिन्तित भएका छन् ।

यसअघि व्यापारीले गतवर्षको मूल्यको तुलनामा प्रतिक्विन्टल १ हजार २ सय रुपैयाँ वृद्धि गरेर खरिद गरिरहेकोमा पाँच सय रुपैयाँ घटाएको भन्दै किसानले चिन्ता प्रकट गरेका हुन । गतवर्ष गहुँको मूल्य ३ हजार प्रतिक्विन्टल थियो ।

एक साताअघिसम्म ४ हजार २ सय रुपैयाँ प्रतिक्विन्टलका दरले खरिद भइरहेको गहुँ व्यापारीले प्रतिक्विन्टल ३ हजार ७ सय रुपैयाँ कायम गरेको किसानको भनाइ छ । पर्सामा ठोरी, जिराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, जगरनाथपुर, पर्सागढी लगायत अन्य गाउँपालिकाअन्तर्गत पर्ने केही क्षेत्रमा डेढ सातादेखि गहुँ कटानी भइरहेको छ । बाँकी क्षेत्रमा पनि गहुँ कटानी भएर भित्र्याउने क्रम चलिरहेको छ । गहुँ भित्रिने क्रम सुरु भएसँगै व्यापारीले मूल्य घटाएको किसानको आरोप छ ।

# ग्यालेक्सीको वार्षिकोत्सवमा रक्तदान

मधेशदृष्टि, वीरगंज, २५ चैत ।
वीरगंज-१४ पिप्रास्थित ग्यालेक्सी युथ क्लबको २७ औं वार्षिकोत्सवका अवसरमा रक्तदान तथा सम्मान कार्यक्रम भएको छ । क्लबका अध्यक्ष राजेश पटेलको अध्यक्षतामा आयोजित रक्तदान कार्यक्रमको शुभारम्भ नेपाली कांग्रेस पर्साका सभापति एवम् प्रदेश सभा सदस्य जनार्दन सिंह क्षेत्रीले गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला उपसभापति रामनारायण प्रसाद कुर्मी, एलएस न्युरो एन्ड जेनेरल हस्पिटलका प्रबन्ध निर्देशक रामप्रवेश, उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, एलएस न्युरो अस्पतालका सञ्चालक डा. श्यामबाबु पटेल, बारा-४ ख का नेपाली कांग्रेसका सभापति लुकेश सिंह, वीरगंज महानगरका सचिव श्याम पटेललगायतको सहभागिता थियो ।

# गाँजासहित भारतीय पक्राउ

मधेशदृष्टि
वीरगंज, २५ चैत ।
ठूलो परिणामको लागुऔषध गाँजासहित चितवन प्रहरीले भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

चितवनका प्रहरी प्रमुख रामेश्वर कार्कीका अनुसार, प्रहरी टोलीले राप्ती-१ लोथरबाट सन्दिग्ध भारतीयलाई पक्राउ गर्न सफल भएको हो । प्रहरीले भारतीय नम्बर प्लेटको ट्रक र १ सय ८० किलोग्राम लागुऔषध गाँजा पनि बरामद गरेको छ । प्रहरीले दिएको सूचनाअनुसार पूर्व पश्चिम लोकमार्ग सडकखण्डको भण्डाराबाट लोथर जाँदै गरेको बिआर ०६ जी २१२८ लेखिएको नम्बर प्लेट भएको ट्रक चेकजाँचक्रममा क्याबिनको भागमा फल्स बटम बनाइ प्लास्टिकले बेरिएका १६ पोकामा लागुऔषध गाँजा फेला परेको हो । पक्राउ परेका ट्रकचालक भारत, पूर्वी चम्पारण बिहार, रक्सौलका ३० वर्षीय कुन्दन पटेल छन् । चितवनको पूर्वी उत्तरी र मकवानपुरको पश्चिमी पहाडी क्षेत्रमा गाँजा खेती हुँदै आएको छ ।

# हरवाचरवालाई आयमूलक तालिम

मधेशदृष्टि
जनकपुरधाम, २५ चैत । धनुषाको गणेशमान नगरपालिकास्थित हरुवाचरुवालाई आयमूलक तालिम दिइएको छ । आर्थिक उपार्जनका लागि फ्रिडम फन्ड र गणेशमान चारनाथ नगरपालिकाको सहयोगमा सामुदायिक सुधार केन्द्र (सिआइसी) द्वारा आयोजित आयमूलक ४ दिने तालिममा गणेशमान नगरपालिकाका विभिन्न वडाका ४० हरवाचरवाको सहभागिता थियो । तालिममा अर्गानिक तरकारी खेती गरेर बढीभन्दा बढी आम्दानी गर्न सकिनेबारे तालिम दिइएको थियो । तालिममा तरकारी खेतीका साथै बजारीकरण, खेत नभएका हरवाचरवालाई लिज वा सार्वजनिक जग्गा



खेतीका लागि पालिकाबाट प्राप्त गर्न सकिनेबारे जानकारी गराइएको थियो । नगरपालिकाका मेयर दीपनारायण यादवले उद्घाटन गरेको तालिममा सिआइसीका सतीशकुमार ठाकुर र विरेन्द्र कर्णले प्रशिक्षण दिएका थिए ।

# व्यापार घाटा कम गर्न लागौं: मन्त्री

मधेशदृष्टि
वीरगंज, २५ चैत ।
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले चालु आर्थिक वर्षमा अहिलेसम्म उद्योग मन्त्रालयको बजेट खर्च न्युन रहेको बताएका छन् ।

निर्यात व्यवसायी महासंघ नेपालको तेस्रो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशन उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री रिजालले उद्योग मन्त्रालय अन्य मन्त्रालयका तुलनामा चालु आर्थिक वर्षमा खर्च गर्ने मन्त्रालयमा सबैभन्दा कमजोर बनेको बताए ।

उनले निर्यात व्यवसायीले देशको व्यापार घाटा कम गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै निर्यात व्यवसाय प्रवर्द्धनका लागि सरकार सहयोग गर्न तयार रहेको पनि बताए ।

उनले नेपालका दुवै छिमेकी देशहरु ठूला रहेकाले दुवैसँग समान व्यवहार गरेर सम्हालिएर अघि बढ्न आवश्यक रहेको बताए ।

उनले निकट भविष्यमै प्रधानमन्त्री पुष्पकमल दाहाल भारत र चीन भ्रमणमा जाने तालिका रहेकाले दुई देशसँगको भेटपछि निर्यात प्रवर्द्धन झनै सहज हुने प्रतिवद्धता जनाए ।

## सम्पादकीय

# ब्युटिपार्लरमा कन्डम !

संसारको सबैभन्दा पुरानो कलंकित उद्यमभित्र पर्दछ वेश्यावृत्ति अर्थात देहव्यापार । यो धन्दाले धेरैलाई कलंकित बनाएको छ । घोषणा गरेर नै यो काममा लाग्नेहरुको जमातका अनेक बाध्यता होलान् । पारिवारिक समस्या होला, पालनपोषणको जिम्मा होला, आर्थिक अभावले नै देहव्यापारको किस्सासँग किस्मत खोज्नेहरुको कथा बेलाबखत आइरहन्छ । जहाँ चरित्रहीनको आरोपमा पीडितहरु नै फेरि पीडित हुन्छन् । पहिलेका पीडकले मुक्ति पाइसकेका हुन्छन्, अहिलेका पीडकले पनि उन्मुक्ति पाउने पुरुषप्रधान समाज हो यो । भन्नेहरु यसै भन्छन् । र, फेरि देहव्यापारको डरलाग्दो जालोले समाजका अवयवहरुलाई बेलाबखत नराम्ररी फस्काइदिन्छ । समाजको एउटा कलंक निस्तेज पार्ने भनेर सबै कम्मर कसेर लागेका छन् ।

यो त हाकाहाकी तर गोप्य आवरणमै गरिने उद्यम हो । जुन उद्यम एउटा कालखण्डमा चल्छ । उमेर ढल्दै गएपछि ग्राहक अभावमा उद्योग बन्द हुन्छ । तर यहाँ त अनेक साइनबोर्ड राखेर पनि देहव्यापारको उद्योग चलाउनेहरु देखिएका छन् । जस्तो रौतहटको सदरमुकाममै यस्तो भेटियो । त्यहाँको वडा नम्बर १ स्थित साहिबा ब्युटिपार्लरमा प्रहरी पुग्दा अरु नै काम देखियो ।

सुन्दर बन्ने भन्दा यौनधन्दा चलाउने अड्डाका रुपमा ब्युटिपार्लरले सेवा दिन थालेपछि प्रहरीले रंगेहात सञ्चलिकासहित एकजोडीलाई यस्तै अवस्थामा भेटे । एउटा कोठामा ग्राहकलाई सिंगारपटार सेवा थियो । अर्को कोठामा पुरुष ग्राहकलाई पनि सेवा उपलब्धता थियो । यसको दशी प्रमाणमा पात्रहरु मात्र भेटिएनन् । डस्टबिन अर्थात् छेउको बाल्टिनमा प्रयोग भएका थुप्रै कन्डमहरु र प्रयोग हुन बाँकी रहेका कन्डम पनि भेटिए । सुन्दर चेहराको पोतपातमा कहीँ कतै कन्डमको उपयोग नै हुँदैन । शर्मनाक विषय, भन्नै लाजमर्दो, बोल्नै शरमलाग्दो ।

यो शरमलाग्दो घटनाले साँच्चै ब्युटिपार्लर चलाउने दिदीबहिनीको भावनामा ठेस पुगेको छ । उनीहरुको भावनामा चोट लगाउने हाम्रो कुनै मक्सद छैन । सम्मान गर्दछौं । सत्यवान भएर कर्ममा निरन्तर लागिरहन ढाडस पनि दिन चाहन्छौं । तर ब्युटिपार्लरलाई देह व्यापारको अड्डा बनाउने कुकर्मलाई हामीले नियन्त्रण गर्नुपर्छ । यसका ग्राहक, सेवाग्राही र सेवाप्रदायक तीनै वर्ग समाजका कलंक हुन् । उनीहरुलाई कारबाहीको दायरामा ल्याइनु पर्छ ।

हरेक व्यवसायभित्र यस्ता अमर्यादित धन्दा भइरहेको छ कि भनेर सन्देह गर्ने अवस्थामा हमेसा प्रहरी र नागरिक समाज चनाखो रहनु पर्छ । समाजभित्रका कुरीति र अपराध नियन्त्रण गर्दै स्वच्छ, पारदर्शी जीवनमा नागरिकले उद्यम गर्ने वातावरण बनाउनु हाम्रो पनि दायित्व हो । यो घटनापछि फेरि गौरमा यस्तो हर्कत भएको लेख्न र दुनियाँलाई पढाउन-देखाउन नपरोस् । हामी यही चाहन्छौं । समुन्नत समाज निर्माणमा विकृति अन्त्यमा हातेमालो गर्न चाहन्छौं ।

**कबीरा खडा बाजार**

# राष्ट्रपति बन्न कुनै रानीको गर्भबाट जन्मनु पर्दैन !



*गणतन्त्र केवल राजनीतिक व्यवस्था मात्र होइन, यो एक प्रकारको सांस्कृतिक मानस हो । यो परिवर्तित अर्थ व्यवस्थालाई स्वरूप दिने प्रक्रिया हो, त्यो भनेको राज्यको प्रत्येक नीतिले भूइँमान्छेको चुल्होमा कस्तो र कसरी बदलाव ल्याउनु हो । गणतन्त्रले आम नागरिकका जीवनका हरेक क्षेत्रलाई सकारात्मक असर दिन सक्नु पर्दछ । वर्चश्वशाली समूहको चिन्तन, व्यवहार र प्रवृत्तिबाट राष्ट्रपति संस्था संक्रमित हुनु भएन । कल्पना गरौं, हाम्रा राष्ट्रपति शीतल निवासबाट पैदल हिँड्दै टुंडिखेलमा प्रातः भ्रमणमा आए वा दिउँसो कुनै पुस्तकालय छिरेर आमपाठक जस्तै देखिए भने त्यसले कत्तिको शक्तिशाली सन्देश दिन्छ ?*

**– चन्द्रकिशोर**

नयाँ वर्ष २०८० को आगमन हुँदैछ । यो समय बितेका वर्षको समीक्षा र आउने वर्षको दिशा निर्धारित गर्ने हो । भनिन्छ सडक आफैं कतै जादैन, जाने भनेको त बटुवा हो । यसैगरी समयको यात्रा आफैं निर्धारित हुँदैन । त्यसलाई प्रभावित पार्ने पात्र, पद्धति र परिवेशले दिशा निर्धारित गर्छ । नेपालले गणतान्त्रिक बाटो समाएको छ । यो गणतन्त्र त्यसै आएको होइन । लामो संघर्षको प्रतिफल हो । यो अचानक प्रकट भएको पनि होइन । नेपालीजनको वर्षौंको स्वप्न थियो । २०६२/६३ को आन्दोलनको अन्तिम दिन नेपालको प्रमुख ऐतिहासिक सहर वीरगंजका आन्दोलनकारीहरूले सडकबाटै राष्ट्रपति घोषणा गरेका थिए । यो घटनाले दर्शाउँछ गणतन्त्र नेपालको सपना नेपाली मानसमा पुरानो हो । हाम्रो गणतन्त्र आयातीत होइन । यो त नेपाली समाजको स्वाभाविक विकासक्रमको उपज हो । हामीले लोकतान्त्रिक गणतन्त्र ल्याएका छौं । कतै गणतन्त्र पद्धति भएर पनि लोकतन्त्र नहुन सक्छ । हामीले लोकतान्त्रिक व्यवस्था आत्मसात् गर्ने क्रममा एकात्मक शासनलाई हटायौं । केन्द्रीय वर्चश्वशाली पद्धतिलाई समाप्त गर्‍यौं । आधुनिक नेपालमा भएका सबै क्रान्तिहरूले जनतालाई बलियो बनाउँदै आएको छ । प्रत्येक आन्दोलन अर्को आन्दोलनको पूरक हो वा यसो भनौं प्रत्येक आन्दोलनले परिवर्तनलाई गति दिएको छ । गणतन्त्र नेपालको आकांक्षा २००७ सालदेखि नै रहे पनि त्यो २०६३ को आन्दोलनपछि मात्र सम्भव भयो । गणतन्त्र र संघीयताले एक अर्कालाई पोषण दिन्छ । हामीले गणतन्त्रसँगै प्रादेशिक संरचनामा जाने संकल्प राख्यौं ।

> ‘गणतन्त्रले मुलुकको एकतालाई जोगाउन सक्दैन, संघीयताले गर्दा देश टुक्रिन्छ, राष्ट्रलाई एउटा अभिभावक चाहिन्छ’ भन्ने आशंका वा संकथनहरूलाई हाम्रा स्वयम्का सचेत अभ्यासले तिरोहित गरिदिएको छ । शासक बन्न कुनै रानीको गर्भबाट जन्मिनु पर्दैन । कुनै पनि नेपाली सन्तती नेपालको सर्वोच्च पदमा पुग्न सक्छ । नेपालको प्रथम राष्ट्रपति डाक्टर रामवरण यादव मधेशी समुदायबाट थिए । मधेशीहरू यो देश आफ्नो भए पनि राज्य आफ्नो नभएको गुनासो राख्थे । राज्य असमावेशी भो भनेर आन्दोलन गर्दै थिए । तर त्यही पछाडि पारिएको समुदायबाट मुलुकको राष्ट्राध्यक्ष छनौट हुन पुग्नु र सबैले सहज स्वीकार गर्नु, यो गणतन्त्रमै सम्भव भएको हो ।

गणतान्त्रिक व्यवस्थाको सोझो अर्थ हो जनता सार्वभौम हुनु हो । आफ्नो मुलुकको भाग्यविधाता जनता स्वयम् हुन् । राष्ट्रियताको प्रतीक वा पहरेदार स्वयम् जनता हुन् । राष्ट्रियताको संरक्षण कुनै अमूक वंश वा अमूक व्यक्ति विशेषले गर्ने होइन । विविधतायुक्त यो मुलुकका प्रत्येक जनताले गर्ने हो । गणतन्त्रमा कुनै समुदाय वा क्षेत्रका बासिन्दालाई ‘राष्ट्रवादी’ वा ‘राष्ट्रघाती’ भनेर विभाजन कोरिदैन । राज्यमा सबैको समान हिस्सेदारी हुन्छ । बहुलता, विविधता र सार्वभौम नागरिक नै राष्ट्रियताका आधार हुन् । गणतन्त्रमा कुनै एक भाषा, भेष, धर्म वा जाति श्रेष्ठ हुँदैन । नेपालका सबै भाषा, भेष, जाति वा धर्म बराबरका हुन् । गणतन्त्र र संघीयताका कारण नेपालको राष्ट्रियताका आयाम र अवयवहरूलाई भावनात्मक रूपमा एकीकृत बनायो । संविधान भन्दा ठूलो कोही छैन । मुखबाट जे ‘बक्स’ भयो, त्यो कानुन बन्दैन । कानुन-नियमहरु जनताका निर्वाचित प्रतिनिधिहरू बनाउँछन् । प्रादेशिक अभ्यासले राष्ट्रिय एकताको जग थप बलियो भएको छ ।

‘गणतन्त्रले मुलुकको एकतालाई जोगाउन सक्दैन, संघीयताले गर्दा देश टुक्रिन्छ, राष्ट्रलाई एउटा अभिभावक चाहिन्छ’ भन्ने आशंका वा संकथनहरूलाई हाम्रा स्वयम्का सचेत अभ्यासले तिरोहित गरिदिएको छ । शासक बन्न कुनै रानीको गर्भबाट जन्मिनु पर्दैन । कुनै पनि नेपाली सन्तती नेपालको सर्वोच्च पदमा पुग्न सक्छ । नेपालको प्रथम राष्ट्रपति डाक्टर रामवरण यादव मधेशी समुदायबाट थिए । मधेशीहरू यो देश आफ्नो भए पनि राज्य आफ्नो नभएको गुनासो राख्थे । राज्य असमावेशी भो भनेर आन्दोलन गर्दै थिए । तर त्यही पछाडि पारिएको समुदायबाट मुलुकको राष्ट्राध्यक्ष छनौट हुन पुग्नु र सबैले सहज स्वीकार गर्नु, यो गणतन्त्रमै सम्भव भएको हो । यो नेपाली समाजको सामर्थ्य र गणतन्त्रको सौन्दर्य हो ।

गणतन्त्रले आफूसँगै समावेशीको कार्यसूची ल्यायो । अर्थात गणतन्त्र आउनु भनेको शासनको सर्वोच्च गर्नु हो । त्यसैले गणतन्त्र आज सम्पूर्ण नेपाली मत-मनको प्रतीक बन्न पुगेको छ । अहिले नेपाली समाजको हरेक क्षेत्रमा गणतन्त्र पद्धतिको व्यापक उपस्थिति छ । हाम्रो सामान्य बोलीचालीमा समेत घुसेको गणतन्त्र भन्ने पदावलीले लामो दूरी तय गरेको छ । यसले एउटा शक्तिशाली विम्ब बोक्छ ।

अहिले विचारको विविधता छ । गणतन्त्रको सौन्दर्य हो कि कोही यसप्रति आलोचनाको मत राख्न सक्छ । यसले गर्दा भर्खरै जन्मँदै र फैलिने क्रममा रहेको राष्ट्रपति संस्था खुम्चिदैन । राज्यसँग सम्झौता गरेर बाँच्ने अथवा राज्यपक्षीय विचार प्रबर्द्धन गरेर मात्र

> विगतमा जुन राजालाई कथित रूपमा उदार एवम् सुशिक्षित भनियो तिनकै पालामा न्यायप्रेमी जनताको गैरन्यायिक हत्या बढी भएको तथ्य छ । नेपालमा संविधानप्रदत्त हक भएकाले आपसमा संगठित भएर निश्चित उद्देश्य पूर्तिका लागि अघि बढ्न केहीले रोक्ने भएन । वाक् स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता तथा संगठन स्वतन्त्रता जस्ता नागरिक अधिकारहरू संवैधानिक रूपमै प्रत्याभूत गरिएकाले नागरिकले चाहेका संघसंस्था खुल्न सक्ने भए । नागरिकहरूले सार्वजनिक सरोकारका मुद्दाबारे खुलेर बहस-विमर्श गर्ने मञ्च वा स्थललाई सार्वजनिक वृत्त भनिएको छ ।

शिखरमा कुनै जनताको सन्तान पुग्नु मात्र होइन, शासनको स्वरूपलाई एकात्मकताबाट फेर्नु हो र शासनमा सबैको पहुँच र प्रतिनिधित्व सुनिश्चित बाँच्नु पर्दैन । नागरिकका पक्षमा राज्यको निगरानी गर्ने सोच बाक्लिदैछ । असंगत व्यवहारको तुरून्त आलोचनागरिन्छ

*बाँकी पृष्ठ ६ मा*

# सफा नियतले समाधान खोजौं

*‘ठूला परियोजनामा ८.५ प्रतिशत मात्रै समयमा पूरा हुन्छन् बाँकी हुँदैनन् भन्नेबारे अक्सफोर्ड विश्वविद्यालयका प्राज्ञ बेन्ट फलाइ भजेर्गर र पत्रकार डान गार्डनरले ‘हाउ बिग थिङ्गस गेट डन’ नामक आफनो पुस्तकमा संकलन गर्नु भएको १६ हजार ठूला परियोजनासँग सम्बन्धित तथ्याङ्कले पनि ठूलो प्रकाश पारेको छ’*



**– विनोद कुमार गुप्ता**

विगत लामो समयदेखि देश आर्थिक संकटमा रहेको र यस्को निराकरण नभए गम्भीर समस्या उत्पन्न हुने सक्ने भनाइ हामी सबैले सुन्दै पढ्दै आएका छौं । उपलब्ध यही तथ्याङ्कहरुको आधारमा मैले पनि पटकपटक आफ्नो लेखमा यही चिन्ता व्यक्त गरेको हुँ । तर यसपटक भने २१ मार्चको अंग्रेजी दैनिक द काठमाडौं पोष्टमा सुजिव शाक्य को ‘देअर इज नो इकोनोमिक क्राइसिस’ शीर्षकको लेख पढदा कहीं अर्थतन्त्रमा पनि राजनीति त भइरहेको छैन भन्ने प्रश्न उठेको छ । लेखमा उहाँ लेख्नुहुन्छ, ‘नेपाल राष्ट्र बैंकको यसपालि ७ महिनाको आर्थिक तथ्याङ्क सार्वजनिक गर्दा किन हो कुन्नि एउटा प्रेस कन्फरेन्ससम्म आयोजना गरेन ।’ यो तथ्याङ्कअनुसार नेपालसँग अहिले ‘ब्यालेन्स अफ पेमेन्ट’को सरप्लस १ खर्ब ३३ अर्ब २१ करोड ( एकसय ३३ दशमलव दुई एक बिलियन) छ । गतवर्ष यो २ खर्ब ४७ अर्ब ३ करोड न्युन थियो ।

विदेशी मुद्रा सञ्चिति रुपैयाँमा १३.८ प्रतिशत र डलरमा १०.२ प्रतिशतले बढेको छ र यसबाट १०.८ महिनाको आयात धान्न सकिन्छ । रेमिट्यान्स २७.१ प्रतिशतले बढेर ६ खर्ब ८९ अर्ब ८८ करोड रुपैयाँ ( ६ सय ८१ दशमलव आठ आठ बिलियन) हुनपुगेको छ । त्यस्तै, अन्तरर्राष्ट्रिय मुद्रा कोषले नेपालको आर्थिक सूचकांकलाई राम्रो भन्दै नेपालले प्रयोग गरेको मौद्रिक नीतिले बाह्य स्थितिलाई स्थिर गर्न र आन्तरिक रुपमा मुद्रा स्फिति घटाउन मदत गरेको भनेको छ । यी तथ्याङ्कहरु सार्वजनिक भइसकेपछि पनि यस माथि न सार्वजनिक मञ्च, न सामाजिक सञ्जालमा कुनै चर्चा भएको पाइन्छ । यस घटनाले सुजिव शाक्यले नलेखे पनि अर्थतन्त्रमा समेत एमाले भर्सेस अन्यको द्वन्द्वयुद्ध सकिएको संकेत मिल्दछ । देशको निर्णायक निकायको यो दुरावस्थाको अन्त कहिले र कसरी होला ?

यस्तै दोस्रो घटना, हाम्रो विकास निर्माण एवम पुँजीगत बजेट खर्चसँग सम्बन्धित छ । लामो समयदेखि हाम्रो पुँजीगत शीर्षकको वास्तविक खर्च २०-२५ प्रतिशत मात्र हुन्छ । जसलाई असारे विकासका नाममा ५०-६० प्रतिशत पुऱ्याइन्छ ।

सरकारी योजनाहरु भौतिक पूर्वाधार निमार्णसँग सम्बन्धित भएकाले यस्ता योजनाहरुले विस्तारै क्षेत्रको सामाजिक आर्थिक रुपान्तरको लागि मल्पिल इफेक्टस् दिने गर्दछ । तर दुर्भाग्य के भने नेपालमा राष्ट्रिय गौरवका आयोजनाहरु लगायत अन्य पूर्वाधारका योजनाहरु कहिल्यै समयमा पूरा नहुने र लागत बढ्दै गएर देशमाथि आर्थिक भार थपिने गरेको सन्दर्भमा समयमै उपयुक्त कदम चाल्न जरुरी भएकोमा कसैको विमति नहोला । तर पनि यसमा सुधार हुनसकेका छैन । यो ज्यादै चिन्ताको विषय भएकाले किन यस्तो भइरहेको छ भनेर थाहा पाउने उत्सुकता पनि थियो । अन्ततः यस सम्बन्धमा पनि ठूलो परियोजना किन समयमा पूरा हुँदैन भन्नेबारे द इकोनोमिष्टमा एउटा लेख छापिएको छ । यस लेखका अनुसार, ठूला ठूला परियोजनाको ८.५ प्रतिशत मात्रै समयमा पूरा हुन्छन् बाँकी हुँदैनन् भन्नेबारे अक्सफोर्ड विश्वविद्यालयका प्राज्ञ बेन्ट फलाइ भजेर्गर र पत्रकार डान गार्डनरले ‘हाउ विग थिङ्गस गेट डन’ नामक आफनो पुस्तकमा संकलन गर्नु भएको १६ हजार ठूला परियोजनासँग सम्बन्धित तथ्याङ्कले यस समस्याबारे ठूलो प्रकाश पारेको छ ।

आर्थिक समस्याबारे सुजिव शाक्यले पनि नेपालमा निर्णयहरु तथ्याङ्कमा आधारित नभएर गरिने र तथ्याङ्क उनीहरुको अगाडि राख्दा उनीहरु किंकर्तव्यविमुढ हुने भनाइ राख्नु भएजस्तै दुवै विद्धान फलाइ भजेर्गर र गार्डनरले मनोवैज्ञानिक एवम् राजनीतिक पूर्वाग्रहवाट पीडितहरुले तथ्याङ्कको सट्टा अन्तरध्वनिमा वा आफ्नो इच्छा अनुकुल काम वा योजना बनाउन खोज्दा अनुमान तथ्यपरक नहुने अवस्था सिर्जना हुन्छ । जसलाई उहाँहरुले रणनीतिक गलत व्याख्या भन्नु भएको छ । राजनीतिज्ञ वा योजनाकारहरुले चाहेको वा रुचाएको योजना आँकलन गर्दा तथ्याङ्कका आधारमा सुरुवात गर्न सकिने अवस्था देखिएन भने राजनीतिज्ञले योजनाकारलाई भनेर वा योजनाकार स्वयम्ले बजेटलाइ न्युन देखाउने गरी योजना तयार गराउछ वा गर्छन् ।

> लामो समयदेखि हाम्रो पुँजीगत शीर्षकको वास्तविक खर्च २०-२५ प्रतिशत मात्र हुन्छ । जसलाई असारे विकासका नाममा ५०-६० प्रतिशत पुऱ्याइन्छ । सरकारी योजनाहरु भौतिक पूर्वाधार निमार्णसँग सम्बन्धित भएकाले यस्ता योजनाहरुले विस्तारै क्षेत्रको सामाजिक आर्थिक रुपान्तरको लागि मल्पिल इफेक्टस् दिने गर्दछ । तर दुर्भाग्य के भने नेपालमा राष्ट्रिय गौरवका आयोजनाहरु लगायत अन्य पूर्वाधारका योजनाहरु कहिल्यै समयमा पूरा नहुने र लागत बढ्दै गएर देशमाथि आर्थिक भार थपिने गरेको सन्दर्भमा समयमै उपयुक्त कदम चाल्न जरुरी भएकोमा कसैको विमति नहोला । तर पनि यसमा सुधार हुनसकेका छैन ।

यसरी लागत र समय दुवै वास्तविक भन्दा कम देखाइदिँदा योजना आकर्षक बन्न जान्छ र सजिलै स्वीकृत हुन्छ । तर जब काम सुरु हुन्छ तब वास्तविकता अगाडि आउछ र योजनाहरु बबइ भेरी सिचाइँ, हुलाकी राजमार्गलगायत नेपालकै अन्य थुप्रै विद्युत आयोजनाको स्वरुप ग्रहण गरी देशको अनुत्पादक खर्च बढाइरहेका हुन्छन् ।

यी योजनाहरुको निर्माण राजनीतिज्ञहरु योजनाकार हरुको इच्छाको सट्टा राष्ट्रिय आवश्यकताका आधारमा तथ्याङ्कपरक ढंगबाट गर्न चलचित्र बारे पिक्सारले प्रयोग गरेको केस्रा केस्रा केलाउने विधि प्रयोग गर्न सुझाव दिन्छन् । यसरी चरणवद्ध रुपमा जाँदा योजनाहरुमा अनपेक्षित रोकावटको सम्भावना न्युन हुने भनाइ छ ।

व्यवस्थापन विज्ञानमा दुई प्रकारले योजना निर्माण गरिन्छ । पहिलो टप डाउन अप्रोच हो र दोस्रो बटम अप हो ।

टप डाउनबाट नै हामीकहाँ योजनाहरु निर्माण हुने भएकाले पनि यस्तो समस्या आएको हुन सक्छ । बटम अप अप्रोच लिँदा पिक्सारको जस्तै स्थानीय तहबाट नै गर्नु पर्ने कामको सूची र मध्यमस्तर अर्थात सरकारी तन्त्रबाट रणनीतिक योजना बनाएर माथिल्लो तह अर्थात राजनीतिकस्तर वा भनौं मन्त्रिपरिषद्बाट स्वीकृत गराइ कार्यान्वयनमा लैजाने व्यवस्था भए धेरै हदसम्म यो समस्या समाधान हुनसक्ने देखिन्छ । नीतिगत स्तरमा नियमकानुनको समस्या छ भने अहिले समग्र विश्वले नै समस्या पहिचानका लागि प्रयोग गर्ने गरेको केजे प्रविधि, जुन जापानी नागरिक कवा कितो जेरोले नेपालमै नृत्तवशास्त्र सम्बन्धी अध्ययनको दौरान अवीस्कार गरेका हुन्, को प्रयोग गरेर यसको पनि समाधान निकाल्न सकिन्छ । सारांशमा भन्नुको तात्पर्य के हो भने खाने मुखलाई जुँगाले छेक्दैन भने जस्तै गर्न खोजे यस समस्याको पनि समाधान हुन सक्छ । वश नियत सफा हुनु पऱ्यो ।

(लेखक वीरगंज कलेजका क्याम्पस प्रमुख हुन्)

# ‘मलाई नेपाली गीत गाउने रहर छ’ : गायक अमित पल



काठमाडौँ । सन् २००७ मा गायनमा आधारित ‘रियालिटी शो’ ‘इन्डियन आइडल’ का दर्शक नेपालमा समेत बढेका थिए । किनकी उक्त ‘शो’ मा नेपाली मूलका गायक प्रशान्त तामाङ सहभागी थिए ।

त्यसअगाडि त्यस किसिमको सहभागिता नभएकाले गायक तामाङका कारण कार्यक्रम नेपालमा लोकप्रिय भइरहेको थियो । नेपालीले विश्वभरबाट भोट गरेर गायक तामाङलाई विजेता बनाउन सफल भए । त्यही शोको उपविजेता थिए अमित पल ।

गायनमा अब्बल पलले गायक तामाङसँगै विश्वका विभिन्न देशमा कन्सर्ट गरे । ‘इन्डियन आइडल’ को अन्तिम तीनमा परेका सबैले एकसाथ कार्यक्रम गरेपछि सामीप्यता बढ्यो । गायक पललाई नेपाली चलचित्र ‘दीपशिखा’ बाट गायनको प्रस्ताव आएपछि गीत गाए । उनी नेपालमा काठमाडौँसँगै पोखरा, चितवनलगायतका स्थानमा आयोजित कार्यक्रममा सहभागिता जनाए ।

“मैले बाल्यकालमा धेरै नेपाली गीत सुनेको छु । ‘कान्छी रे कान्छी रे’, ‘रातो रानी फूले झैँ साँझमा’ लगायतका गीत सुनेर खाना खान्थेँ । कन्सर्टमा घुमेपछि अझै नेपालीलाई बुझ्ने मौका पाएँ”, गायक पलले भने, “नेपाली गीत प्रस्ताव हुँदा गाएँ । साङ्गीतिक कार्यक्रम प्रस्ताव हुँदा नेपाल आएँ । नेपाल र नेपालीबाट पाएको मायालाई व्यक्त गर्ने शब्द मसँग छैन ।”

गायक पल केही दिनअघिदेखि नेपालमा छन् । प्राय साङ्गीतिक कार्यक्रमको लागि नेपाल आउने गायक पल यसपटक गायन र नृत्यको एक ठूलो रियालिटी शो ‘मेरो भ्वाइस युनिभर्स’ र ‘मेरो डान्स युनिभर्स’मा सहभागी प्रतियोगीलाई हौसला दिन यहाँ आएका हुन । उनीसँगै ‘सारेगमपा सिङ्गिङ सुपरस्टार’ का प्रतियोगी गायक कर्मा शेर्पा पनि काठमाडौँमा छन् ।

इन्ट्रा-नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा हाल काठमाडौँमा भइरहेको शोले विश्वभरका नेपालीलाई एउटै मालामा उन्न सफल भएको गायक पलले बताए । “ठूलो धनराशि त छ नै साथै अवसर पनि छ । विजेताले विश्व भ्रमण गर्न पाउनेछ । पार्श्व गायनको अवसर छ । यसले प्रतिभालाई अगाडि बढाउन मदत गर्छ”, गायक पलले भने, “हाम्रो समयमा यस्ता सुविधा थिएनन् । त्यसैले हामीले बुझ्दा बुझ्दै समय गयो । तर यो शो हेर्दा नेपाली गायनमा धेरै प्रतिभा उदाउने देखेको छु । यसका आयोजकहरु वास्तवमै धन्यवादका पात्र हुन् ।”

‘मेरो भ्वाइस युनिभर्स’ को केही अडिसन र प्रतियोगीसँगको साक्षात्कारपछि उनले निर्णायकलाई छान्न मुस्किल हुने देख्छन् । उनले भने, “प्रतिभा निकै छन् । उनीहरूमा कसलाई राख्ने र निकाल्ने निर्णय लिन सहज छैन किनकी गायन उस्तै छ ।” आफू झैँ गायन वा नृत्यमा भविष्य देख्नेका लागि निर्माण भएको मञ्चकै कारण गायक पल हौसला प्रदान गर्न नेपाल आएका हुन ।

उहाँले गायन र नृत्यमा छानिने पचास/पचासलाई मञ्चअनुसार तयार गर्न सुझावसमेत दिएका छन् । “स्टेजमा गाउनेले नाच्न सक्नुपर्छ । नाच्नेले अभिनय गर्न सक्नुपर्छ । उनीहरू गायक र नृत्य कलाकार मात्र नभई पर्फमर हुनुपर्छ”, गायक पलले भने । गायक शेर्पाले यस्ता शोमार्फत अवसर पर्खिरहेकाले गन्तव्य पाउने बताए । “मैले निकै सङ्घर्ष गरेर सारेगमपा सिङ्गिङ सुपरस्टारसम्म पुगेको थिएँ । मैले पाइरहेको असफलतालाई खुड्किलो बनाएर सफलतासम्मको यात्रा तय गरेको हुँ । त्यसैले नेपाल आएर सहभागी प्रतियोगीलाई हौसला दिइरहेको छु”, गायक शेर्पाले भने, “निरन्तरता दिनेलाई यो मञ्चले पहिचान दिनेमा विश्वत छु । छिटै उनीहरू सपनाको उडान भर्नेछ ।” नेपाल आएर काठमाडौँ घुमघामसँगै सङ्गीतकर्मीसँग भेटघाटसमेत बढेको छ गायक पलको ।

केही समय सङ्गीतभन्दा पनि व्यापारमा बढी सक्रिय गायक पलले नेपाली गीतको तयारी गरिरहेका छन् । उनी नेपालमै गीत तयार गर्ने तयारीमा समेत छन् । “मैले नेपाली भाषा पनि सिक्दैछु, बोल्दैछु । म यही गीत गाउने र भिडियो बनाउने तयारीमा छु । मैले सोचेजस्तो भयो भने नेपालीलाई छिटै उपहारस्वरूप नेपाली गीत दिनेछु”, गायक पलले भने, “मलाई अहिले पनि नेपाली गीत गाउने रहर छ । यहाँबाट प्राप्त मायालाई कदर गर्दै गाउने गीत एउटा मात्र नभई सङ्ग्रह नै हुनेछ । तर अहिले एउटाको मात्र तयारी छ ।”

अझै केही दिन नेपालमै रहने गायक पल पशुपतिनाथ र बौद्ध पुगे । नेपालमा उनलाई थकाली खाना एकदमै मन पर्छ । नेपाली खाना र संस्कृतिसँग अझै नजिक आउन गायक शेर्पाले मद्दत गरिरहेका छन् । गायक पल र शेर्पा आशावादी हुनुभएको शो ‘मेरो भ्वाइस युनिभर्स’ को यतिखेर ‘साइटलेस’ अडिसन चलिरहेको छ ।

पचासबढी देशबाट छानिएका एकसय ४० मध्येबाट पचास प्रतियोगी छान्न हाल अडिसन काठमाडौँमा जारी छ । यसपछि ‘मेरो डान्स युनिभर्स’ मा सहभागी प्रतिस्पर्धीबाट पनि पचास सोही प्रक्रियामार्फत छानिने छन् । नृत्यतर्फ एक सय २० नेपाली प्रतिभा फिल्ड अडिसनबाट छनोटमा परेका थिए । ‘मेरो भ्वाइस युनिभर्स’ को निर्णायकमा गायक दीप श्रेष्ठ, सङ्गीतकार सुरेश अधिकारी, पुष्पन प्रधान, गायिका अञ्जु पन्त र सुजाता वर्मा छन् ।

यसैगरी नृत्यतर्फ निर्णायकमा अभिनेत्री मिथिला शर्मा, नृत्यकार शङ्कर विसी, अभिनेता दिलीप रायमाझी, अभिनेत्री केकी अधिकारी र प्रियङ्का कार्की, नरमान राई छन् । त्यस्तै कार्यक्रमका प्रस्तोतामा अभिनेत्री रिमा विश्वकर्मा, कलाकार सन्दीप क्षेत्री, सञ्चारकर्मी नरेश भट्टराई र सुनिता गुरुङ छन् ।

नेपालमा आयोजना गरिएको यो शो अहिलेसम्मकै सबैभन्दा धेरै पुरस्कार राशिको हो । गायन र नृत्य प्रतियोगितामा छानिएकामध्ये प्रथम हुनेले जनही रु एक करोड, दोस्रो हुनेले रु ३० लाख र तृतीय हुनेले रु २० लाख पुरस्कार प्राप्त गर्नेछन् । नेपाली मूलका भुटानी अमेरिकी युवा व्यवसायीले नेपाली भाषा, कला र संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरेको फाउण्डेसनले विश्वमा बसोबास गरिरहेका नेपालीबीच सांस्कृतिक एकता कायम गर्न उक्त गायन र नृत्य प्रतियोगिताको आयोजना गरेको जनाइएको छ ।

सो फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीले संसारमा छरिएर रहेका नेपालीलाई आफ्नो पुर्खाको देशसँग नेपाली भाषा र कलाका माध्यमबाट पुस्तौँपुस्तासम्म जोड्नका लागि नेपालमै सो प्रतियोगिताको आयोजना गरिएको जानकारी दिए ।

# निजी क्षेत्र र सहकारीबीच सहकार्य आवश्यक : वरिष्ठ उपाध्यक्ष ढकाल



काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र र सहकारीबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय सहकारी महासङ्घ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा जारी सहकारी महासम्मेलनमा उनले महासङ्घले पनि कृषि उद्यम केन्द्र बनाएर पनि काम गरिरहेको र त्यसमा एक सयभन्दा बढी सहकारी संलग्न रहेको बताए । उनले निजी क्षेत्र र सहकारीबीच लगानी सहकार्यका लागि बाधा अड्चनका रूपमा रहेका ऐन-नियमलाई फुकुवा गर्नुपर्ने धारणा राखे ।

सहकारी क्षेत्रले रोजगारी सिर्जना, वित्तीय पुहँच, वित्तीय साक्षरता, बैंक तथा वित्तीय क्षेत्रमा तरलता सहज गर्न र उत्पादनलगायत अर्थतन्त्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको ढकालको भनाइ छ । महासम्मेलनको तेस्रो दिन आज ‘निजी, सार्वजनिक र सहकारीबीचको साझेदारीका लागि साझा मञ्च’ विषयमा बोल्ने अधिकांश वक्ताले यसअघि सार्वजनिक तथा निजी क्षेत्रबीच मात्रै साझेदारी हुने गरेको भए पनि अब सहकारीलाई पनि संलग्न गराउनुपर्नेमा जोड दिए । कार्यक्रममा राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेलले सरकारले निजी सार्वजनिक साझेदारी मोडल अगाडि सारे पनि अब सहकारी क्षेत्रलाई पनि त्यसमा समावेश गरिनुपर्ने भनाइ राखे । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सरकारले आफ्नो तर्फबाट काम गरिरहेको बताउँदै अर्थतन्त्रका तीन खम्बामध्ये एउटा खम्बा कमजोर भयो भने अर्थतन्त्र नै कमजोर हुने बताए।

सहकारीको दिगोपनाका लागि स्वनियम तथा सुशासन कायम गर्ने मुख्य उद्देश्यले बिहीबारदेखि आजसम्म सञ्चालित सहकारी महासम्मेलनको आयोजना गरिएको थियो ।

सम्मेलनमा सरकारका प्रतिनिधि, जनप्रतिनिधि, सातै प्रदेशका सहकारीकर्मी, निजी क्षेत्रका प्रतिनिधि, गैरसरकारी सङ्घ, विश्वविद्यालयका प्राध्यापक र अन्तर्राष्ट्रिय सहकारी अभियान्ताको गरी करिब एक हजार जनाको सहभागिता थियो । सम्मेलनमा नेपालको सहकारी अभियानको अवस्था, वर्तमान समस्या र चुनौतीको विषयमा छलफल गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूबाट सहकारीका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको छ ।

# आँखा अस्पताललाई ग्रामीण क्षेत्रसम्म विस्तार गरिने



काठमाडौँ । त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पालले आफ्नो सेवालाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने योजना बनाएको छ । अस्पताललले प्रविधिमैत्री भौतिक संरचनाका साथै दक्ष जनशक्तिको थप व्यवस्थापन गरी सेवालाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने योजना बनाइएको हो ।सेवा विस्तार गर्दै आर्थिक अवस्था कमजोर भएका नागरिकलाई सर्वसुलभ र गुणस्तरीय सेवा स्थानीयस्तरमै पुऱ्याउने योजनका साथ आवश्यक कार्ययोजना बनाइएको अस्पतालका अध्यक्ष डा गोपालप्रसाद पोखरेलले जानकारी दिए ।

नेपाल आँखा अस्पताल स्थापनाको स्वर्णमहोत्सवका अवसरमा शनिवार यहाँ आयोजित ‘नेपाल आँखा अस्पताल हिजो, आज र भोली’ विषयक अन्तर्क्रियामा उनले अस्पतालको सेवा दुर्गम जिल्लासम्म पुऱ्याउन जरुरी रहेको बताउँदै सबै जिल्लामा कम्तीमा पनि मोतिबिन्दुको शल्यक्रिया गर्ने वातावरण बनाइनुपर्नेमा जोड दिए ।

“स्तरीय ल्याबसहित आँखा उपचारमा विशिष्टिकृत सेवा दिइरहेको हाम्रो सेवालाई देशैभरी पुऱ्याउन नसके पनि जनघनत्व बढी भएका जिल्लामा सेवा विस्तार गर्न अनिवार्य भइसकेको छ”, डा पोखरेलले भने, “सेवालाई ग्रामीण भेगसम्म विस्तार गरेर बालबालिकामा हुने आँखासम्बन्धी जन्मजात रोगको समयमा नै पहिचान गरेर निदान गर्नसके भावि सन्ततिलाई लाभ पुग्छ ।

”देशमा आँखाको उपचार सेवा व्यापक गर्न, दुर्गम र सुविधाविहीन क्षेत्रमा आँखा उपचार शिविर सञ्चालनका लागि स्थानीय तहसँग सहकार्य गरी काम गर्ने उनले बताए । कार्यक्रममा अस्पतालका मेडिकल अधिकृत डा कमलबहादुर खड्काले अस्पताले पूर्वाधार, उपकरणयुक्त सेवा स्तरीकरणमा ध्यान दिएको बताउँदै व्यवस्थापकीय पक्षमा सुधार गरी सेवालाई छिटो र छरितो बनाउने प्रयास भइरहेको उल्लेख गरे । अस्पतालका रिफ्याक्टिभ सर्जरी डा किशोर प्रधानले गुणस्तरीय दृष्टि आमनागरिकको अधिकार भएकाले हरेक छ महिनामा दृष्टि परीक्षण गरी आँखाको हेरचाहमा ध्यान दिन सबैलाई अनुरोध गरे । उनले रिफ्याक्टिभ सेवाबारे नागरिकलाई सचेत बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा व्यवस्थापन दमनबहादुर घलेले सानो संस्थादेखि उच्च सरकारी निकायमा व्यवस्थापकीय पक्ष महत्वपूर्ण रहेकाले व्यवस्थापकीय नेतृत्व व्यावसायिक भएमा मात्रै संस्थागत सुधार गरी प्रगति हासिल गर्न सकिने विश्वास व्यक्त गरे ।अस्पताल सञ्चालक समितिका सचिव मेघराज गजुरेलले अस्पतालले भौतिक संरचनाका साथै दक्ष चिकित्सक र अत्यावश्यक उपकरणयुक्त सेवा दिइरहेको उल्लेख गरे ।

विसं २०३० चैत २६ मा स्थापना भएको नेपाल आँखा अस्पतालले आइतबार स्थापनाको स्वर्णमहोत्सव मनाउँदैछ । अस्पतालले हालसम्म ३१ लाख ८२ हजार पाँच सय ७९ जनालाई सेवा उपलब्ध गराएको छ भने एक लाख २५ हजार तीन सय ७९ जनाको आँखाको शल्यक्रिया गरेको छ ।

हाल १४ नेत्र विशेषज्ञ रहेको अस्पतालमा कर्निया, मोतिबिन्दु, जलबिन्दु, रेटिना, अकुलोप्लाष्टी एवं बाल आँखा उपचारलगायत सेवा उपलब्ध छन् । हाल अस्पतालबाट दैनिक सात सय बिरामीले बहिरङ्ग सेवा लिने गरेका छन् ।

अस्पतालले विभिन्न समयमा विद्यार्थीका लागि निःशुल्क आँखा परीक्षणका साथै चस्मा वितरण गर्दै आएको जनाएको छ । अस्पतालले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत एमडी, अप्टोमेट्री र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत नेत्र सहायक तालिम दिँदै आएको सचिव गजुरेलले बताए ।

# वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका सच्याउन माग

काठमाडौँ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको ‘वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका २०७९’ मा समेटिएका विषय प्रति व्यवसायीले आपत्ति जनाएका छन् ।

नेपाल शैक्षिक परामर्श सङ्घ (इक्यान) को शनिवार डिल्लीबजारमा बसेको बैठकले विदेश अध्ययनका लागि आवश्यक अनुमतिपत्र (नो अब्जेक्सन लेटर-एनओसी) प्राप्त गर्न जारी निर्देशिकामार्फत सरकारले कडाइ गरेपछि आपत्ति जनाएको हो ।

इक्यानका कार्यवाहक अध्यक्ष देवीदास भट्टराईको अध्यक्षतामा बसेको सल्लाहकार तथा पदाधिकारीको बैठकले निर्देशिकामा भएका केही प्रावधान सच्याउनुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाउने निर्णयसमेत गरेको छ । निर्देशिकाले विदेश पढ्न जाने विद्यार्थीको संख्या बर्सेनि बढ्दै जाँदा अनुमति लिने चरण, शिक्षण संस्था र विषय छनोट, विदेशी मुद्रा सटहीलगायत प्रक्रियामा कडाइ गरेको इक्यानको आरोप छ । निर्देशिकामार्फत गरिएको कडाइलाई सच्याउन माग गर्दै इक्यानले सरकारलाई ज्ञापन पत्र बुझाउने निर्णय गरेको छ ।

आजको बैठकले इक्यान एक्लै र अरु छाता सङ्गठनको सहकार्यमा ज्ञापनपत्र बुझाउने निर्णय गरिएको कार्यवाहक अध्यक्ष भट्टराईले बताए । उनले भने, “एनओसी सबैका लागि सर्वसुलभ हुनुपर्छ, शिक्षा नागरिकको अधिकार हो, संसारमा जहाँ गएर भए पनि पढ्न पाउनुपर्छ, अहिले जारी गरिन लागेको एनओसी स्नातक वा सोभन्दामाथि अध्ययन गर्न विदेश जाने विद्यार्थीलाई मात्र दिइने भनिएको छ, चाहे स्वदेशमा होस वा विदेशमा नेपालीले पढ्न पाउनुपर्छ, किन नियोजन गर्न खोजिँदैछ, हामी अचम्मित छौँ ।”

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले शिक्षा मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको समयमा गत फागुन १८ गते निर्देशिका स्वीकृत भएको थियो । निर्देशिकामा उल्लेख गरिएको उच्च शिक्षा (स्नातक र त्यसभन्दा माथि) को परिभाषा नमिलेको, एनओसी लिँदा परामर्शदाताले सिफारिस पत्र दिनुपर्ने, विदेश जानुअघि यहाँको परीक्षा पास गरेको हुनुपर्ने प्रावधान हटाउन पर्ने इक्यानको माग छ ।यसैगरी मन्त्रालयले गठन गर्ने परामर्श समितिमा परामर्शदाताको पनि सहभागिता हुनपर्ने भन्दै ज्ञापनपत्र बुझाउने निर्णय गरिएको इक्यानले जनाएको छ । निर्देशिका आगामी वैशाख २ गतेदेखि लागू हुने जनाइएको छ ।

# सरकारी विज्ञापन एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने तयारीमा छौँ : मन्त्री शर्मा

काठमाडौँ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारी विज्ञापनलाई सरकार एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने तयारीमा रहेको बताएका छन् ।

नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाको २३औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री शर्माले लोककल्याणकारी विज्ञापन र समानुपातिक विज्ञापनलाई सरकारको न्यूनतम साझा कार्यक्रममार्फत एकद्वार प्रणालीअनुसार लैजान नीति बनाउन लागेको उल्लेख गरे । त्यसका लागि मन्त्रालयले आवश्यक प्रक्रिया थालेको उनको भनाइ छ ।

“सरकारले फजुल खर्च कटौती गर्न लागेको छ”, मन्त्री शर्माले भने । विज्ञापनको व्यवस्थापनले न्यूनतम पारिश्रमिक नपाउने समस्या हल हुने उनले विश्वास व्यक्त गरे । उनले भने, “जाजरकोटमा विज्ञापन खोल्नु छ, त्यहाँको बाटो बनाउने विज्ञापन काठमाडौँको पत्रिकामा छापिन्छ । त्यो पत्रिका लिएर विज्ञापनको पैसा लिने तरिका बेठिक छ, यसरी हुँदैन । यसलाई रोक्न आश्यक परे नियमावलीमा संशोधन गरौँ ।”

पत्रकारिता लोकतन्त्रको सुन्दर पक्ष भएको उल्लेख गर्दै मन्त्री शर्माले सामूहिक छलफल र निष्कर्षबाट सञ्चारजगत्का समस्या समाधान खोज्न आग्रह गरे । उनले भने, “पत्रकारिता क्षेत्रमा रहरले प्रवेश गर्ने र कालान्तरमा पछुताउनु पर्ने अवस्था राम्रो हैन । यो लोकतन्त्रका लागि नराम्रो हो ।” नेपाल पत्रकार महासङ्घको काठमाडौँ शाखाको भवन निर्माणका लागि जग्गाका विषयमा सहजीकरण गर्न सो अवसरमा उनले प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा महासङ्घको काठमाडौँ शाखाका अध्यक्ष सूर्य सुवेदीले विज्ञापन, सदस्य शुद्धीकरण, नवीकरण र पत्रकारका लागि निःशुल्क स्वास्थ्य सेवाप्रति मन्त्री शर्माको ध्यानार्कषण गराए । उनले भने, “विज्ञापन बोर्ड पत्रकार बचाउनेभन्दा पनि नियमनकारी भूमिकामा बढी हाबी छ । विज्ञापनका लागि चाकडी गनुपर्ने अवस्थाको अन्त्य नभए अधिकांश सञ्चारमाध्यम बन्द हुने अवस्थामा छन् ।”वार्षिक साधारणसभाका अवसरमा शाखाले स्थापना गरेको आदर्श पत्रकारिता पुरस्कार, २०७९ बाट वरिष्ठ पत्रकार किशोर नेपाललाई सम्मान गरिएको थियो ।

# रौतहट डायरी

आरके श्रीवास्तव

## चर्को ब्याजविरुद्ध व्यवसायीको प्रदर्शन

बैंक तथा वित्तीय संस्थाले कर्जामा लगाएको चर्को ब्याजदरको विरोध गर्दै कटहरियाका व्यवसायी प्रदर्शनमा उत्रिएका छन् । व्यापार संघ कटहरियाको आयोजनामा र व्यापारी नसरूदिन अन्सारीको नेतृत्वमा यहाँका व्यवसायीले चर्को ब्याजदरविरुद्ध शनिबार बिहान कटहरिया बजारस्थित प्रतिक्षालयदेखि नेपाल राष्ट्र बैंक हुँदै एनआइसी बैंकसम्म विभिन्न नारावाजी गर्दै प्रदर्शन गरे ।

उनीहरूले लघुवित्त बैंकको ज्यादती बन्द गर, बैंक ब्याजदर ७% कायम गर, मिटर ब्याज खारेज गरलगायतका विभिन्न नाराबाजी गर्दै विरोध प्रदर्शन गरे । साथै पसलहरू बन्द गरेर विरोध जनाइएको थियो । बैंक तथा वित्तीय संस्थाले कर्जामा बढाएको चर्को ब्याजदरले उद्योग, व्यवसाय धरासायी हुन थालेपछि विरोधमा उत्रिनुपरेको व्यवसायीले बताए ।

विरोध र्‍याली कटहरिया बजार परिक्रमा गरी एनआइसी बैंक अगाडि कोणसभामा परिणत भएको थियो । कोणसभामा कटहरियामा मेयरका प्रत्यासी समेत रहेका व्यवसायी नसरूदिन अन्सारीले बैंकले बढाएको ब्याजदरविरूद्ध शान्तिपूर्ण प्रदर्शन गरेको बताउँदै हाम्रो माग पूरा नभए सम्पूर्ण व्यवसायी अर्को आन्दोलनमा उत्रिएर राजमार्ग चक्काजाम गर्ने चेतावनीसमेत दिए । चर्को ब्याजदरका कारण व्यापार-व्यवसाय बन्द गर्नुपर्ने र पलायन हुने स्थितिमा पुगेको गुनासो व्यवसायीले गरे । कर्जा भुक्तानीका क्रममा बैंक तथा वित्तीय संस्थाबाट दिइने मानसिक यातना र चर्को सेवा शुल्क अब व्यापारीले धान्न नसक्ने अवस्थामा पुगेको उनीहरुले बताए । साथै बैंक तथा वित्तीय संस्थाले अगाडि बढाएको धितो लिलाम प्रक्रिया तत्काल रोक्नलगायतका ब्याजमा एकल अंक कायम गर्न व्यवसायीले माग गरे । बैंक तथा वित्तीय संस्थाको कारण व्यवसायी आत्महत्या गर्नसम्म बाध्य भएको बताउँदै धेरै घरबारविहीन बन्न पुगेको बताए । व्यापारीले सरकारको ध्यान मिटर ब्याज पीडिततर्फ बढी भएको तर त्यो भन्दा पनि ठूलो मिटरब्याजी बैंक तथा वित्तीय संस्था रहेको भन्दै ध्यानाकर्षण गराए ।

## आगलागी पीडितलाई रेडक्रसको राहत

नेपाल रेडक्रस सोसाइटी रौतहटले राजपुर नगरपालिकाका आगलागी पीडित परिवारलाई राहत उपलब्ध गराएको छ । राजपुर-९ बैरियामा शुक्रबार आगलागी भएको थियो । आगलागीबाट क्षति भएका पीडित परिवारलाई शनिबार राहत सामग्री वितरण गरिएको हो ।

५ पीडित परिवारलाई रेडक्रसबाट राहत वितरण गरेको जनाइएको छ । बैरियाका रुपनारायण साह कानु, गणेश साह कानु, उधो साह कानु, महेन्द्र साह कानु, राजेन्द्र साह कानुलगायतको घरमा आगलागी भएको हो ।

आगलागी हुँदा लाखौको धनमाल, लत्ताकपडा, धान, गहुँ, गाईभैंसी, बाख्रा जलेका थिए । पीडितलाई रेडक्रस सभापति राजकिशोर यादवसहितका पदाधिकारीले राहत हस्तान्तरण गरे ।

## ८ बालबालिकाको उद्धार

रौतहट प्रहरीले ८ बालबालिकालाई उद्धार गरेको छ । सामुदायिक विकास तथा सचेतना नेपाल संस्था हेटौंडा, मकवानपुरको सहकार्यमा बाल कल्याण समिति भारतले नेपालबाट विभिन्न प्रलोभनमा परी भारत पुगेका बालबालिकालाई उद्धार गरी सामुदायिक संस्थालाई बुझाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटको रोहवरमा ६ जनालाई अभिभावकको जिम्मामा बुझाइएको र २ जनालाई गौरस्थित मानव सेवा आश्रममा राखिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक दिनेश बहादुर कुँवरका अनुसार, अभिभावकलाई बुझाइएकामा गुजरा-५ का १६ वर्षीय शेख सफिउल्लाह, १२ वर्षीय १२ शेख अरमान, हरिहरपुरका १७ वर्षीय समसुल मियाँ, ईशनाथ-८ मत्सरीका १३ वर्षीय फैयाज आलम, वृन्दावन नगरपालिका-६ का १५ वर्षीय कमरुदिन मन्सुरी, गौर-६ का १३ वर्षीय फियाज आलम छन् । मानव सेवा आश्रममा राखिएकाहरूमा बाँके, नेपालगञ्ज उपमहानगरपालिका-२३ का ११ वर्षीय शेख मोबारक, सर्लाही विष्णु गाउँपालिका-२ का १६ वर्षीय दिपु कुमार चौधरी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

## धार्मिक अगुवासँग अन्तरक्रिया

माधवनारायण नगरपालिकामा धार्मिक अगुवा तथा स्थानीय महिलाबीच अन्तरक्रिया भएको छ । बालबिवाह, दाइजो तथा छुवाछुत अन्त्यका लागि धार्मिक अगुवा तथा स्थानीय महिलाबीच वडा नम्बर-६ माधोपुरमा अन्तरक्रिया भएको हो ।

वर्ल्ड भिजन तथा निरन नेपालको संयुक्त सहकार्यमा भएको अन्तर्क्रियामा वडाका स्थानीय दलित महिला, बुद्धिजीवी, अभिभावक, जनप्रतिनिधिलगायत संस्थाका भोलेन्टियर, प्रशिक्षक, धार्मिक अगुवा (मौलाना, पण्डित र पास्टर) को सहभागिता थियो । कार्यक्रममा समुदायका समस्या समाधानतर्फ डोर्‍याउन र दाइजो प्रथा, बालबिवाह, महिला हिंसा, बालश्रम, छुवाछुत, सामाजिक विकृति न्युनिकरण गर्न छलफल भएको कार्यक्रम संयोजक आशिष थारुले जानकारी गराए । कार्यक्रममा निरन नेपालका जिल्ला सचिव शिवशंकर पासवानले समाजमा रहेका कुरीति, विकृति न्युनिकरण गर्न लागनु पर्ने बताए । कार्यक्रम सञ्चालन हरवा चरवा मञ्च रौतहटका सुब्बा साहेब पासवानले गरेका थिए भने समापन धर्मगुरु पन्डितजी भुपनारायण पासवानले गरेका थिए ।

## डोम समुदायमा जनचेतनामुलक अभियान

राजदेवी-१ पथरामा डोम समुदायलाई शिक्षा तथा सरसफाइसम्बन्धी जनचेतनामूलक अभियान कार्यक्रम भएको छ । डोम समुदाय विकास केन्द्रको आयोजनामा भएको कार्यक्रममा बस्तीमा कुनै निकायको सहयोगविना नै यस्तो कार्यक्रम भएको हो ।

संस्थाका अध्यक्ष बिजय मल्लीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष नरेश प्रसाद यादव, कोषाध्यक्ष वीरेन्द्र मल्ली र दलित अगुवा शिवशंकर पासवानलगायत डोम समुदायका भद्रभलादमी, बुद्धिजीवी, अभिभावक एवम् विद्यार्थीको उपस्थिति थियो । डोम समुदायका १५ बालबालिका विद्यालयबाट बाहिर रहेकाले उनीहरुलाई कपी, कलम दिई प्रोत्साहन गरेर विद्यालय भर्ना गराउन अभिभावकलाई आग्रह पनि गरिएको थियो ।

## एमालेको मिसन ग्रासरूट अभियान

रौतहटमा नेकपा एमालेको मिसन ग्रासरूट अभियान अन्तर्गत धमाधम वडा कमिटी गठन भइरहेको छ । शनिबार मौलापुर-३ गम्हरियामा वडा कमिटी गठन भएको छ । एमाले मधेश प्रदेश कमिटी सदस्य गौरीशंकर जयसवालको अध्यक्षता तथा मधेस प्रदेश सदस्य टेकनाथ पौडेलको आतिथ्यतामा वडा कमिटी गठन गरिएको हो । वीरबल यादवको अध्यक्षतामा १७ सदस्यीय कमिटी गठन गरिएको छ । कमिटीमा उपाध्यक्ष पासपत राय यादव, सचिवमा दर्मन राय यादव, सदस्यहरु बिगन साह लगायत १३ जना अरु छन् ।

## २६ छात्रालाई साइकल वितरण

मधेशदृष्टि
वीरगंज, २५ चैत ।

वीरगंज-२६ सुगौली बिर्तामा शनिबार २५ छात्रालाई साइकल वितरण गरिएको छ । प्रतिनिधि सभा सदस्य अजयकुमार चौरसियाले साइकलले छात्रालाई पठनपाठनका लागि आवतजावत गर्न सहज हुने बताए । उनले छात्राको पठनपाठनमा हौसला बढाउन जनप्रतिनिधिले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताए ।

यस्तै, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले छात्रालाई विद्यालयमा नियमित उपस्थित गराउन साइकल वितरण कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।

वडाअध्यक्ष शम्भु मिश्राको सभापतित्वमा सम्पन्न कार्यक्रममा रामरुप कुर्मी, प्रेमचन्द्र दुबे, खुरम आलम, वडासदस्य प्रदिप पटेल, महमुद चुरिहार, रामरती देवी, गिता पासवानलगायत स्थानीयको सहभागिता थियो ।

# हरवाचरवाको अधिकार यात्रा सुरु

जनकपुरधाम । मधेस प्रदेशका मुक्त हरवाचरवाले न्यायिक पुनःस्थापनाको माग गर्दै शनिवारदेखि पाँच दिने अधिकार यात्रा सुरु गर्दैछन् । सरकारले मुक्तिको घोषणा गरेको नौ महिना भइसक्दा पनि पुनःस्थापनाका कार्यक्रम सुरु नगरेको भन्दै सरकार र सरोकारवालाको ध्यानाकर्षणका लागि आजदेखि २९ गतेसम्म प्रदेश राजधानी जनकपुरधाम लक्षित अधिकार यात्रा सुरु गर्न लागिएको राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका महासचिव लागिन्द्र सदाले जानकारी दिए ।

प्रदेशका आठ जिल्लामध्ये सप्तरी, सिरहा, सर्लाही, धनुषा क्षेत्रलाई समेटेर सप्तरीको राजविराज र बारा, पर्सा, रौतहट तथा महोत्तरी क्षेत्रलाई समेटेर वीरगञ्जबाट दुई समूहमा यात्रा सुरु भई जनकपुरधाम पुग्ने कार्यक्रम रहेको उनले बताए ।

“सरकारले यही वर्ष साउन २ गते मुक्तिको घोषणा गर्‍यो, हामीले पनि सहमति जनायौं तर नौ महिनासम्म पुनःस्थापनाका कुनै कार्यक्रम ल्याइएन र ल्याउने छाटकाट पनि छैन”, सदाले भने, “केन्द्र सरकारले मुक्तिको घोषणा गर्‍यो तर स्थानीय तह र अन्य निकायले बसिरहेको खोला, सडक, जङ्गल छेउ र ऐलानी जग्गाबाट उठिबास लगाउन थाल्यो ।

अब न्याय कसलाई माग्ने ? आफ्नो मागको सुनुवाइ होस् भनेर अधिकार यात्रा गर्दैछौं ।” अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डलले सरकारले मुक्तिको घोषणा गरेपछि आफूले सुखका दिन फर्किएलान् भनेर हर्ष बढाइ गरे पनि अहिलेसम्म पुनःस्थापनाका काम अगाडि नबढाउँदा फेरि समस्यामा पर्न थालेकाले त्यसैको अभिव्यक्तिका रुपमा अधिकार यात्रा गर्न लागिएको बताए । मुक्तिको घोषणा गर्दा आफूहरुसँग गरेको प्रतिबद्धताबाट पछाडि नहट्न मण्डलले सरकारलाई आग्रह गरे । मञ्चका कोषाध्यक्ष राजवती मण्डलले सरकारले प्रतिबद्धता जाहेर गरेअनुरुप तत्काल हरवाचरवाको लगत सङ्कलन गरी न्यायिक पुनःस्थापनाको प्याकेज ल्याउन माग गरे । उनले वर्षौंदेखि काम गर्दा सामाजिक प्रतिष्ठा गुमाउनुका साथै श्रमको मूल्य नपाउँदा गरिबीको चपेटामा पर्नुपरेको र मुक्तिको घोषणापछि समस्या थप बल्झिन थालेको बताए । “केही ऋण, एक टुक्रा जमिन र दुई छाक खानैका लागि पुस्तौं पुस्ता हरवाचरवा बस्नुपर्‍यो”, कोषाध्यक्ष मण्डलको दुखेसो छ, “न्यायिक पुनःस्थापना, सामाजिक विभेदको अन्त्य, मर्यादित जीवन, सामाजिक सशक्तिकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाकाको घोषणा भइसक्दा पनि ओझेलमै छन् ।”

हरवाचरवाको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था फ्रिडम फण्ड नेपालका कानुनी सल्लाहकार अधिवक्ता बालाराम भट्टराईले अहिलेसम्म हरवाचरवालाई सङ्गठित गरी संस्थागत क्षमता विकास, सचेतना अभिवृद्धि र अधिकारको पैरवीका काम भए पनि अब सरकारलाई जवाफदेही बनाउने गरी दबाब दिन जरुरी रहेको बताउनुभयो ।

अधिवक्ता भट्टराईले भने, “आफैंले मुक्तिको घोषणा गरेको कुरालाई अब सरकारले स्वामित्व लिएर व्यवस्थापनका लागि पहलकदमी लिनुपर्छ ।” त्यसैगरी उनीहरुको लगत सङ्कलन, सत्यापन, परिचयपत्र वितरण, पुनःस्थापना, सामाजिक विभेदको अन्त्य, मर्यादित जीवन, सामाजिक सशक्तिकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दा सम्बोधन गर्न केन्द्र, प्रदेश र स्थानीय तहलाई समन्वयात्मक ढङ्गले समस्याको हल गर्ने गरी आगामी नीति तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्न, विकासको बहानामा विस्थापित गर्ने क्रम सुरु भएकाले यसलाई तत्काल रोकी वैकल्पिक व्यवस्था गर्न मञ्चले माग गरेको छ ।

## बारामा उपेन्द्र यादवको ...................................

यसअघि नै जसपामा प्रवेश गरिसकेछन् । उम्मेदवार यादवको घरदैलो अभियानमा प्रदेश सभा सदस्य शरदाशंकर र राजाबाबुको सक्रिय सहभागी रहेको जसपा बाराले जनाएको छ ।

स्थानीय शेख जौवाद नेकपा एमालेका कार्यकर्ता हुन्, तर जसपालाई भोट दिने पक्षमा छन् । उनी मात्रै होइनन्, उनी जस्ता धेरै अन्य पार्टीका कार्यकर्ता जसपालाई नै मत दिने पक्षमा छन् । मुस्लिमको हक अधिकारको लागि पनि उपेन्द्र यादवले धेरै कार्य गरेको कारण आफूहरु उपेन्द्र यादवलाई मत दिएर विजयी बनाउने बताउँछन् ।

जसपाका बाराका अध्यक्ष रामबाबु यादवले यस क्षेत्रमा जसपाका उम्मेदवार नै विजयी हुने दाबी गरे । उनले यस क्षेत्रमा जसपासँग कुनै राजनीतिक दलको प्रतिस्पर्धा नै नरहेको बताए । राष्ट्रिय अध्यक्ष यादव १३ हजार भन्दा बढी मतले विजयी हुने दाबी छ उनको । उनले यस क्षेत्रका जनताको दुःखसुखमा जसपा नै अघि रहेकाले जनताले आफ्नो अमूल्य मत जसपालाई नै दिनेमा आफू विश्वस्त रहेको बताए । जसपा केन्द्रीय सदस्य एवम् महिला नेतृ उषा यादव मधेश पहिचानको लडाइँमा अग्रणी भूमिका निर्वाह गरेका नेता उपेन्द्रलाई जनताले अभिमत दिनु पर्ने तर्क गर्छिन् । उनले पहिचानबिरोधी दलका नेताहरु चुनाव जितेर जाने दाउमा रहेको भन्दै जनताले सबै बुझिसकेको बताउँछिन् । ‘कसले मधेशको हितमा लडेको छ, मधेशीको हक अधिकार सुनिश्चित गराएको छ, सबै बुझेर मात्रै अमूल्य मत जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई दिनेछन्,’ उनले भनिन् । उनले हौवा फैलाएका भरमा जनताले उपेन्द्र यादवले मधेशलाई लगाएको गुण तथा संघीयता स्थापनाका लागि खेलेको भूमिका नबिर्सने टिप्पणी गरिन् । बारा-२ को मुद्दा जसपाले बुझेको भन्दै थुपै मुद्दाको सम्बोधन पनि भइसकेको तथा बाँकी समस्या अध्यक्ष यादवको जितसँगै समाधान हुने दाबी पनि गरिन् । प्रतिनिधि सभामा उनको कमी महसुस गरेरै गठबन्धनले उनलाई उम्मेदवार बनाएको उनको भनाइ छ ।

### यादवको सम्भावना प्रबल

जसपा राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव आफू चुनाव जित्नेमा पूर्ण विश्वस्त छन् । जनताको समस्या, दुःख, आवश्यकता बुझ्नेदेखि मधेशीको हकहितका लागि लामो समय संघर्ष गरेको कारण पनि यस क्षेत्रबाट आफू विजयी हुनेमा विश्वस्त रहेको बताउँछन् । अर्कोतर्फ जनता समाजवादी पार्टीको गढ नै मानिने यसक्षेत्र भएका कारण पनि यादवलाई चुनाव जित्न सहज हुने अनुमान लगाइएको छ ।

संघीय निर्वाचनमा जनमत पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहालाई ३ सय ४५ मतले पराजित गर्दै जसपा उम्मेदवार रामसहाय यादव विजयी भएका थिए । बारा-२ मा स्थानीय तहमा पनि जसपा २ वटा पालिकामा पनि विजयी भएको छ । ५ वटा पालिकासहित ४४ वडा रहेको बारा - २ मा जसपा २ पालिकासहित २३ वडामा विजयी भएको छ । त्यसैगरी २ पालिकामा नेपाली काँग्रेस र १ पालिकामा नेकपा एमालेका उम्मेदवार विजयी भएका छन् ।

करैयामाई, देवतालमा जसपा उम्मेदवार विजयी भएका छन् भने महागढीमाई नगरपालिका, सुवर्ण गाउँपालिकामा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन् । पचरौता नगरपालिकामा नेकपा एमालेका उम्मेदवार विजयी भएका थिए । ४४ वडामध्ये २३ वडामा जसपाका उम्मेदवार नै विजयी भएका छन् । जसपा र नेपाली कांग्रेसले आधाआधा पालिका जितेको छ भने एउटा पालिकामा नेकपा एमाले विजयी भएको छ । उपनिर्वाचनमा नेपाली कांग्रेसलगायत लोसपा, नेकपा एस, नेकपा माओवादीले पनि जसपालाई समर्थन गरिरहेका कारण सत्ता गठबन्धनका साझा उम्मेदवार यादव नै विजयी हुने सम्भावना प्रबल छ । बारा निर्वाचन क्षेत्र नं. २ मा १ लाख ५ हजार २ सय ४८ मतदाता छन् । तीमध्ये २ सय ३७ जना मंसिर यता थपिएका नयाँ मतदाता हुन् ।

## कानुनबाहिर रौतहटका..................................

महाशाखा प्रमुखहरुले नदेखे झैं गरेर निजी अस्पताल र पोलिक्लिनिकलाई छुट दिइरहेको आरोप स्थानीयको छ । उनीहरुले अनुगमनसमेत गरेका छैनन् ।

गरुडा नगरपालिकाका स्वास्थ्य संयोजक योगेन्द्र साह भन्छन्, ‘स्वास्थ्य ऐन नै नबनेकाले केही कार्य विधि तयार पारेर काम भएरहेको छ ।’ पहिला एने, अनि नियमावली, त्यसपछि विधि र मापदण्ड बनाउनु पर्नेमा सिधै विधि बनाएर स्थानीय सरकारले निजी अस्पतालहरुलाई लुटमा छुट दिएका छन् । ‘प्रमाणपत्रका सट्टा चिठी बनाएर अनुमति दिइएको छ,’ गरुडा नगरपालिकाका प्रशासन शाखा प्रमुख प्रशान्त कर्णले भने, ‘स्वास्थ्य तथा सरसफाइ विधेयक ऐन नगर सभाबाट पारित बन्ने प्रक्रियामा छ ।’

फतुवा विजयपुर नगरपालिकाका स्वास्थ्य सहसंयोजक दिनेश ठाकुरले भने, ‘स्वास्थ्य ऐन बनिसकेको तर कार्यपालिकाबाट पारित हुन बाँकी छ ।’ उनी नगरभर कति निजी अस्पताल अनुमतिविना सञ्चालनमा छन् भन्ने जिज्ञासामा भन्छन्, ‘कसैले पनि अनुमति लिएका छैनन् ।’ मौलापुर नगरपालिकाका स्वास्थ्य संयोजक अछेलाल साह स्वास्थ्य ऐन बनेर कार्यपालिकाबाट पास भइसकोको बताउँछन् । ‘बाँकी प्रक्रिया जारी छ, त्यसैले कार्यान्वयनमा आएको छैन,’ उनले भने, ‘भर्खर आएकाले बुझ्न बाँकी छ, ऐन बनिसकेपछि सबैलाई कानुनी दायरामा ल्याइनेछ ।’ दक्षिणी भेगमा रहेको बौधीमाइ नगरपालिकाका स्वास्थ्य संयोजक तारकेश्वर पटेल ऐन नै नबनेको बताउँछन् । ‘मस्यौदा तयार भइसकेको छ,’ उनले भने, ‘संघीय ऐनमा टेकेर केही इ अस्पताललाई सञ्चालन सहमती दिएका छौं ।’

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक तथा प्रवक्ता) डा.मुक्तिनारायण साह भन्छन्, ‘जुन स्थानीय तहले स्वास्थ्य ऐन बनाइसकेको हो, त्यहीअनुसार चल्ने व्यवस्था छ, नबनाएको स्थानीय तहमा संघीय ऐन, कानुन र नियममा टेकेर सञ्चालन गर्न सकिन्छ ।’ २५ बेडभन्दा माथिका निजी अस्पतालका लागि प्रदेश सरकार र संघ सरकारबाट अनुमति लिनुपर्नेछ । ‘कसैले उजुरी गरे कार्यवाही गरी दण्ड सजाय तोकिने छ,’ उनले भने, ‘अनुगमन स्थानीय, प्रदेश र संघ सरकारबाट पनि गर्न सकिन्छ ।’ अनुमति/सहमति नलिइकन कसैले अस्पताल सञ्चालन गर्न पाउने व्यवस्था नै छैन । मौलापुर स्थित शान्ति सेन्ट्रल हस्पिटलका सञ्चालक चन्दन शर्मा हस्पिटल दर्ताबारे फाइल तयार पारेर नगरपालिकामा बुझाइसकेको बताउँछन् । स्थानीय सरकारले ऐन नबनाएकाले प्रमाणपत्र नलिई सहमतिपत्रकै आधारमा अस्पताल सञ्चालन गरेको सञ्चालकहरुको भनाइ छ ।

## विद्युत् सेवा बन्द ....................

प्रतिकेजी ३ रुपैयाँका दरले पैसा दिने गरेका छन् । एउटा ठेलामा ८ सय केजी भन्दा बढी सामान अट्ने गरको छ । दैनिक २ सय भन्दा बढी ठेला कबाडीका नाममा तस्करीमा सक्रिय रहँदा मासिक ७ करोड रुपैयाँ भन्दा बढी कमाइ हुने गरेको छ । कबाडी तस्करीमा इनर्वाका ८ जनाको समूह संलग्न छ, उनीहरुले मासिक ७ करोड रुपैयाँ भन्दा बढी कमाउने गरेका छन् भने वर्षौंदेखि हुँदै आएको कबाडी तस्करीबाट कति कमाए होलान् ? अनुमान लगाउन गाह्रो हुँदैन ।

अर्कातर्फ कपडा तस्करले तस्करीको लाइन पाएपछि शत्रुधन यादव, जयलाल, शेखावत, मुन्ना शेख, अम्बेया, मीरालगायतका व्यक्ति सक्रिय भएका छन् । उनीहरुले करोडौं मूल्यका कपडा राजस्व छली गरी इनर्वा गाउँको चोर बाटो हुँदै नेपाल ल्याइरहेका छन् । इनर्वा गाउँ र बाँसघारीबाट दैनिक करोडौं मूल्यको सर्टिङसुटिङ, महँगा साडीलगायतका कपडा नेपाल भित्र्याउने गरेका छन् । कपडा तस्करीमा नामुद मदन रुन्चेलगायतले तस्करीको लाइन पाएका हुन् । पर्साको सिक्टा, भिस्वा, जानकी टोला, भिखमपुरलगायतका नाकाबाट पनि तस्करले सकेको तस्करी गरिरहेकै छन् ।

## राष्ट्रपति बन्न कुनै ..............................................

। भूइँमान्छेमा बढ्दो चेतनाले गर्दा अब शासनका बेथितिलाई नै बलियो बनाउने र सत्ता सञ्चालकहरूको स्वार्थ पोस्ने काम हुँदैन । गणतन्त्रमा कोही भयभित छैन । कोही बोलेकै कारण थुनिने, ज्यान मारिने त्रासमा छैनन् ।

विगतमा जुन राजालाई कथित रूपमा उदार एवम् सुशिक्षित भनियो तिनकै पालामा न्यायप्रेमी जनताको गैरन्यायिक हत्या बढी भएको तथ्य छ । नेपालमा संविधानप्रदत्त हक भएकाले आपसमा संगठित भएर निश्चित उद्देश्य पूर्तिका लागि अघि बढ्न केहीले रोक्ने भएन । वाक् स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता तथा संगठन स्वतन्त्रता जस्ता नागरिक अधिकारहरू संवैधानिक रूपमै प्रत्याभूत गरिएकाले नागरिकले चाहेका संघसंस्था खुल्न सक्ने भए । नागरिकहरूले सार्वजनिक सरोकारका मुद्दाबारे खुलेर बहस-विमर्श गर्ने मञ्च वा स्थललाई सार्वजनिक वृत्त भनिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र एउटा समाज सञ्चालनको प्रक्रिया हो जुन नेपाली समाजमा शासनको अभ्यासमा केही वर्ष बिते । तर यसै कालखण्डमा जनताकी छोरी नेपालको दोस्रो राष्ट्रपति चुनिन् । यो परम्परागत नेपाली समाजका लागि फड्को सावित भयो । गणतन्त्र छोटो अवधिमै भिन्न स्वरुपमा क्रमिक परिष्कार हुँदै आएको पाइन्छ । त्यसैले गणतन्त्रको परिभाषालाई निश्चित गर्न सकिँदैन । यो कसरी अभ्यासमा छ ? राष्ट्रपति पदमा को पुगे ? राष्ट्रपति संस्थाको चाल, चरित्र र चेहरा कस्तो छ ? यसबाट गणतन्त्रको परिभाषा समयानुकूल परिष्कृत स्वरूपमा व्यक्त हुँदै जान्छ ।

१६ वर्षअघि, पहिलो संविधान सभाले नेपाललाई विधिवत ‘संघीय लोकतान्त्रिक गणतन्त्र’मा रूपान्तरण गरेको हो । अहिलेसम्म राष्ट्रपतिमा डा. रामवरण यादव, विद्यादेवी भण्डारी र अहिले रामचन्द्र पौडेल बहालमा छन् । २०६२/६३को आन्दोलनपछि गणतन्त्रको ढोका खुल्यो । तर दुर्गानन्द झा, डा. लक्ष्मीनारायण झा, रामराजा प्रसाद सिंहहरूको सपना, संकल्प र संघर्षले गर्दा २०६३ को आन्दोलनका बेला सम्भव भयो । गणतन्त्र प्राप्तिका लागि व्यक्तिगत रूपमा र सानो सानो समूह बनाएर समूहगत रूपमा पनि पटकपटक आन्दोलन हुन्दै थिए । लामो समयसम्म राजा र जनताको द्वन्द्व, राजाहरूले विभिन्न घुम्तिमा लोकतन्त्रको हत्या गर्ने गरेको प्रवृत्ति तथा राष्ट्रिय मुक्तिको मुख्य अवरोधकका रूपमा राजसंस्था रह्यो । तसर्थ नेपाली गणतन्त्र नेपाली जनको स्वतन्त्र जागृत चेतनाको सामूहिक गान हो ।

राष्ट्रपति-उपराष्ट्रपति संस्था संस्थागत हुँदै आएको छ । यसका बाबजुद अनेकौं सीमा र संकट देखा परेका छन् । गणतन्त्रमा राज्यमाथि नागरिक नियन्त्रण हुनुपर्‍यो । भूइँतहका द्वन्द्वहरूको व्यवस्थापन गर्ने संरचनात्मक व्यवस्था हुनु पर्‍यो । उदीयमान तनाव र घर्षणहरु ठम्याउने र सम्याउने विधि हुनुपर्‍यो । जनता नै सर्वोपरि हुन् भन्ने व्यवहारमै प्रष्टिनु पर्‍यो । तन्त्र भन्दा माथि जनता छ भन्ने नैतिक भावको सामाजिकीकरण हुनुपर्‍यो । तन्त्रले जनतालाई कठपुतली बनाएको देखिनु भएन । भूइँतहमा नागरिकको सेवकका रूपमा राज्य देखिनु पर्‍यो । राष्ट्रपति र उपराष्ट्रपतिको पद भनेको गणतन्त्रको प्रतीक हो । तिनीहरू आफू सामान्य जनताको प्रतिनिधि हूँ भन्ने बुझ्नु पर्‍यो । ‘सवारी’ वा ‘सम्बोधन’ सम्भ्रान्त शब्दहरूको लिगेसीबाट गणतन्त्र संक्रमित हुनु भएन । मर्यादित तर आममान्छेको भाषाको प्रचलन चलाइनु पर्दछ ।

आम नागरिकमा गणतांत्रिक सोचको वृध्दि र संस्कार विस्तार हुँदै आएको छ । समाजको पिंधमा रहेको मान्छेले गणतन्त्रको अनुभूति गर्न सक्नुपर्छ । गणतन्त्र केवल राजनीतिक व्यवस्था मात्र होइन, यो एक प्रकारको सांस्कृतिक मानस हो । यो परिवर्तित अर्थ व्यवस्थालाई स्वरूप दिने प्रक्रिया हो, त्यो भनेको राज्यको प्रत्येक नीतिले भूइँमान्छेको चुल्होमा कस्तो र कसरी बदलाव ल्याउनु हो । गणतन्त्रले आम नागरिकका जीवनका हरेक क्षेत्रलाई सकारात्मक असर दिन सक्नु पर्दछ । वर्चश्वशाली समूहको चिन्तन, व्यवहार र प्रवृत्तिबाट राष्ट्रपति संस्था संक्रमित हुनु भएन । कल्पना गरौं, हाम्रा राष्ट्रपति शीतल निवासबाट पैदल हिँड्दै टुंडिखेलमा प्रातः भ्रमणमा आए वा दिउँसो कुनै पुस्तकालय छिरेर आमपाठक जस्तै देखिए भने त्यसले कत्तिको शक्तिशाली सन्देश दिन्छ ? आखिर पदावधि सकिएपछि पुनः सामान्य नागरिकमै फर्किने हो ।

हो, नदी बाङ्गोटिङ्गो हिँडे पनि बग्ने अगाडि नै हो । गणतन्त्र आम नेपालीको जीवनको अभिन्न हिस्सा बन्दै आएको छ । यो यात्रा आफैं परिष्कृत हुँदै जान्छ । गुणात्मक सुधार गर्दै जान्छ । संघीय लोकतान्त्रिक गणतन्त्र आफैंले आफूसँग सिक्दै, सच्चिँदै जाने हो । यसको स्वीकार्यता विस्तार हुँदै जाने हो । गणतन्त्र जिन्दावाद !

# १५६ पादरीद्वारा ६ सय बढी बालबालिकालाई यौन दुर्व्यवहार

*‘चर्चमा अधिकांश बालबालिकालाई यौन दुर्व्यवहार भगवानको इच्छा हो भनेर सहन बाध्य पारिएको थियो र कसैलाई बताए परिवारलाई नर्कमा जलाउने धम्की दिइएको थियो’*



मेरिल्यान्ड । मेरिल्यान्ड राज्यमा बालबालिकाको यौन शोषणको घटना बाहिर आएको छ । मेरिल्यान्ड राज्यका महान्यायाधीवक्ताले ५ सय पृष्ठको प्रतिवेदन जारी गर्दै सन् १९४० देखि बाल्टिमोरस्थित रोमन क्याथोलिक चर्चका १ सय ५६ जना क्याथोलिक पादरी र वरिष्ठ अधिकारीले ६ सय भन्दा बढी बालबालिकालाई यौन दुर्व्यवहार गरेको बताएका छन् । बुधबार जारी राज्यको प्रतिवेदनले ८० वर्षसम्म फैलिएको दुर्व्यवहारको दायरा प्रकट गरेको छ र चर्चका अधिकारीहरूले दशकौँसम्म घटना ढाकछोप गरेको आरोप लगाएको छ । प्रतिवेदनले आर्कडायोसेजभरि चर्चसँग सम्बन्धित पादरी र अरूद्वारा व्यापक दुर्व्यवहार र प्रणालीगत ढाकछोपको लामो इतिहास प्रस्तुत गरेको छ । ‘चर्चका केही इकाइमा युवालाई दशकौँदेखि विभिन्न दुर्व्यवहार गर्नेहरूद्वारा शिकार बनाइएको थियो, तर पादरीहरूले उनीहरुको बचाउमा बालबालिका र परिवारहरूको विश्वासको शोषण गर्दै मन्त्रालयको शक्ति र अधिकार प्रयोग गरेका थिए,’ प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनले दुर्व्यवहार लुकाउने र लुकाउन खोज्नेहरु, नेतृत्वको पदमा रहेका व्यक्तिहरूको दोहोर्याइएको कार्यहरू, पादरीहरूलाई अन्य पारिसहरूमा सार्ने, नागरिक कानून प्रवर्द्धक अधिकारीहरूलाई अनुसन्धान गर्न वा दुर्व्यवहारको रिपोर्ट गर्न असफल बनाउने र सेवानिवृत्तिमा पुजारीलाई आर्थिक सहयोग उपलब्ध गराउने कार्यहरूको समेतको उल्लेख तथा वर्णन गरेको छ।

प्रतिवेदनले २०२३ को बाल पीडित ऐनका लागि हुन लागेको साधारण सभाको सत्र ट्यार्कमा रहेकाले मेरिल्यान्डले पीडितहरूलाई दुर्व्यवहार गर्नेहरूविरुद्ध नागरिक कारबाही ल्याउन र उनीहरूले भोगेका हानीहरूको क्षतिपूर्ति गर्नबाट बचाउने सीमितताहरूको विधानलाई हटाउन सिफारिस गरेको छ। अमेरिकाको सबैभन्दा पुरानो रोमन क्याथोलिक चर्च बाल्टिमोरको आर्कबिशपको व्यवस्थापनले ८० वर्षदेखि यो घटनालाई ढाकछोप गर्न करोडौं डलर खर्च गरेको बताइएको छ । बाल्टिमोर आर्कडायोसेसले १९८० देखि ३ सय १ दुर्व्यवहार पीडितहरूको हेरचाह र क्षतिपूर्तिका लागि १३.२ मिलियन डलर भन्दा बढी भुक्तान गरेको छ, जसमा १ सय ५ जनाको स्वैच्छिक सेटलमेन्टको ६.८ मिलियन समावेश छ । महान्यायाधिवक्ता एन्थोनी ब्राउनले प्रतिवेदन जारी गर्दै भने, ‘इस्टर सन्डे चाँडै आउँदैछ, उनले चार वर्षको अनुसन्धानपछि यो प्रतिवेदन जनतासामु ल्याउन यो भन्दा राम्रो समय नहुने बताए ।’ ‘राज्यका अधिकारीहरुले २०१९ मा घटनाको छानबिनको काम सुरु गरेका थिए र १ लाख भन्दा बढी कागजातको समीक्षाका आधारमा सयौं पीडित र साक्षीको अन्तर्वार्ता लिएका थिए जुन १९४० को दशकको हो,’ महान्यायाधिवक्ताले थपे । प्रतिवेदनमा भनिएको छ, ‘चर्चमा अधिकांश बालबालिकालाई यौन दुर्व्यवहार गर्नु भगवानको इच्छा हो भनेर यसो गर्न बाध्य पारिएको थियो । यसबारे कसैलाई बताए परिवारलाई नर्कमा जलाउने धम्की पनि दिइएको थियो ।

मेरिल्यान्ड राज्यको सिनेटले यो मुद्दा प्रकाशमा आएपछि यौन उत्पीडनको मुद्दा दायर गर्न समय सीमा तोक्ने कानुनी प्रतिबन्धहरू खारेज गरेको छ। नयाँ व्यवस्था अन्तर्गत यौन दुर्व्यवहारका पीडितले जुनसुकै बेला पुरानो मुद्दामा मुद्दा दायर गर्न सक्नेछन् । हाल, अभियुक्तहरूमध्ये कुनै पनि चर्चको सेवामा सक्रिय छैनन् । अधिकांश अभियुक्तको मृत्यु भइसकेको छ । यसबाहेक अन्य कैयौं मुद्दामा अभियुक्त भइसकेका धेरै आरोपी छन् । प्रतिवेदनमा ३३ नयाँ नाम आएको छ। ‘चर्चले १० व्यक्तिको नाम खुलाएको छैन, तर यो सम्भव छ कि यी मानिसहरू अझै जीवित छन् र चर्चको व्यवस्थापनमा संलग्न उच्च अधिकारीहरू हुन्,’ रिपोर्टले जनाएको छ । बाल्टिमोर आर्चबिशप विलियम लोरीले अनलाइन पोस्ट गरेको एक विज्ञप्तिमा पीडितहरूप्रति माफी मागेका छन् र रिपोर्टले ‘यस आर्कडियोसेसको इतिहासमा निन्दनीय समयको विवरण दिन्छ, जुन समय ढाकिएको, बेवास्ता वा बिर्सिने छैन,’ लोरीले भनेका छन्, ‘धेरैलाई कल्पना गर्न गाह्रो छ कि त्यस्ता दुष्ट कार्यहरू वास्तवमा भएको हुन सक्छ।’ ‘पीडित-बाँचेका लागि जताततै, उनीहरूलाई कठोर सत्य थाहा छः यी दुष्ट कार्यहरू भए।’ (आयएनएस)

# मेयरकप क्रिकेटमा हेटौँडा र जनकपुरधाम विजयी



मधेशदृष्टि
जनकपुरधाम, २५ चैत।

जनकपुरधाममा जारी ‘जनकपुरधाम मेयर कप टी-२० क्रिकेट प्रतियोगिता’ को तेस्रो दिनको खेलमा हेटौँडा र जनकपुरधाम विजयी भएको छ। जनकपुरधामउपमहानगरपालिका-१४ रजौलस्थित प्रस्तावित रामजानकी बहुउद्देश्यीय अन्तर ाष्ट्रिय रंगशालामा शनिबार भएको पहिलो खेलमा हेटौँडाले रौतहटलाई ५ विकेटले पराजित गर्दा दोस्रो खेलमा सिरहालाई १० विकेटले पराजित गर्दै जनकपुरधाम विजयी भएको हो। रौतहटले दिएको १ सय ९ रनको लक्ष्य हेटौँडाले १६ ओभर १ बलमा ५ विकेट गुमाउँदै पूरा गरेको थियो । हेटौँडालाई सहज जित दिलाउन गौरव खड्काले अविजित ५१ रनको अर्धशतकीय पारी खेले । हेटौँडाका लागि सुमन सुनारले १३ र रामनरेश गिरीले १० रनको योगदान दिए । रौतहटको बलिङमा आशिक साह र संजय साहले २-२ तथा धर्मेन्द्र साहले १ विकेट लिए।

यसअघि, पहिले ब्याटिङ गरेको रौतहटका अरविन्द चौधरीको ३६ र धर्मेन्द्र साहको २७ रनको योगदानले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ८ रनको स्कोर खडा गरेको थियो । रौतहटलाई सस्तैमा समेट्न शुभ कंशकार र रामनरेश गिरीले ३-३ विकेट लिए। त्यस्तै अशिम श्रेष्ठ र विशाल फुयालले १-१ विकेट लिए।

शनिबारको दोस्रो खेलमा सिरहालाई १० विकेटले पराजित गर्दै जनकपुरधाम सेमिफाइनलमा प्रवेश गरेको छ।

पहिलो खेलमा महोत्तरीलाई पराजित गरेको जनकपुरधाम लगातार दोस्रो जित निकाल्दै सेमिफाइनलमा प्रवेश गरेको हो । सिरहाले दिएको ८४ रनको झिनो लक्ष्य जनकपुरधामका खेलाडीले बिना कुनै विकेटको क्षतिमा पूरा गरेको थियो । जनकपुरधामका लागि हरिशंकर साहले ३६ र मयन यादवले ३० रनको अविजित पारी खेले।

यसअघि पहिले ब्याटिङ गरेको सिरहाका खेलाडी जनकपुरधामको बलरसामु टिक्न सकेनन्। सिरहाका लागि शैलेन्द्र साहले १७, राकेश कामतले १६, कृष्णा साहले १२ र अशोक यादवले ११ रनको पारी खेले । सिरहालाई सस्तैमा समेट्न कृष्णा कार्की र विशाल सुशलिङले ४-४ विकेट लिएका थिए भने आकाश रोयले २ विकेट लिए।

प्रतियोगिताको चौथो दिन आइतबार बिहान ९ बजेदेखि बारा र रौतहटबीच पहिलो तथा दिउँसो १:४० बजे सर्लाही र पर्साबीच दोस्रो खेल हुने आयोजकले जनाएको छ।

# सिरियाली शिविरबाट १४ क्यानडाली नागरिक स्वदेश फिर्ता



मोन्ट्रियल । क्यानडाले उत्तर पूर्वी सिरियामा इस्लामिक स्टेट (आइएस) सँग सम्बन्धित चार महिला र १० जना बालबालिकालाई यसै साता विस्थापित व्यक्तिका शिविरबाट स्वदेश फर्काएको प्रहरीले शुक्रबार जनाएको छ । कुर्दिश प्रशासित उत्तरपूर्वी सिरियाको शिविरमा रहेका आफ्ना नागरिकलाई क्यानडा सरकारले गरेको यो चौथो उद्धार अभियान हो। तीमध्ये तीन जना महिलालाई विमानस्थलबाटै पक्राउ गरिएको र त्यसपछि अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।तीमध्ये एक जना ३८ वर्षीया महिलालाई पश्चिमी क्यानडाको अल्बर्टा लगिएको थियो र उहाँको स्वास्थ्य अवस्थाको कारण सुनुवाइ नभएसम्म जमानतमा रिहा गरिएको थियो । “यो फौजदारी अभियोग होइन,” उनका वकिल लरेन्स ग्रिनस्पोनले एएफपीसँग भन्नुभयो । “अभियोजकले ती व्यक्तिले एक वर्षसम्म शर्तहरू पालना गरेका छन् वा छैनन् यो सुनिश्चित गर्नेछन्। अन्य दुई जना अम्मारा अमजद र दुरे अहमदलाई अर्को सुनुवाइ नभएसम्म हिरासतमा राखिने प्रहरीले जनाएको छ।“सबै कुरा राम्रो थियो,” चारै जना स्वदेश फर्केका महिलाहरूको तर्फबाट वकालत गरेका ग्रिनस्पोनले भने । उनीमाथि न त आपराधिक अभियोग लगाइएको छ, न त आतङ्कवादविरुद्ध शान्ति सम्झौताका लागि अनुरोध गरिएको छ ।“बाँकी १० जना बालबालिकालाई स्वदेश फर्काइएको छ र उनीहरूका परिवारसँग क्यानडामा छन्,” उनले भने । क्यानडाको विदेश मामिला विभागले क्यानाडाका बालबालिकाको ‘स्वास्थ्य र कल्याण’का लागि चिन्ता व्यक्त गरेको छ ।गत अक्टोबरमा क्यानडाले सिरियामा रहेका दुई महिला र दुई बालबालिकालाई स्वदेश फर्काएको थियो भने सन् २०२० मा ओटावाले एक अनाथ पाँच वर्षीया बालिकालाई स्वदेश फर्काउन अनुमति दिएको थियो। सिरिया र इराकमा तथाकथित इस्लामिक स्टेट समूहले स्थापना गरेको ‘खलिफा’ को अन्त्य भएदेखि नै धेरै देशहरूले जिहादीका पत्नी र छोराछोरीको स्वदेश फिर्तीलाई स्वीकार्न आनाकानी गर्दै आएका छन् ।

# युक्रेनी उपविदेशमन्त्री वार्ताका लागि भारत आउँदै




नयाँदिल्ली । युक्रेनका प्रथम उपविदेशमन्त्री एमिने झापरोभा आइतबार भारतको भ्रमणमा आउनुहुने भएको छ । रुसले युक्रेनमाथि आक्रमण गरेपछि भारतको भ्रमण गर्ने उहाँ पहिलो युक्रेनी मन्त्री छन् ।

रुसबाट तेलका साथै सैन्य उपकरण आयात गर्दै आएको भारत मस्कोमाथिको निर्भरताबाट उम्कन सकेको छैनभने पश्चिमा मुलुकहरूबाट एक्लिएको रुससँगको सम्बन्ध सन्तुलन नयाँदिल्लीका निम्ति चुनौतीपूर्ण बनेको छ । मस्कोसँगको लामो समयदेखिको सुरक्षा सम्बन्धले नयाँदिल्लीलाई जटि कूटनीतक स्थितिमा पुर्‍याएको छ । भारतले युक्रेन र रुसबीचको वैमनस्यातापूर्ण सम्बन्धको अन्त्य हुनुपर्नेमा जोड दिए पनि रुसी आक्रमणको आजसम्म निन्दा गरेको छैन ।

दिल्लीमा रहँदा उपविदेशमन्त्री झापरोभाले विदेश मन्त्रालयका वरिष्ठ अधिकारीसँग युक्रेनको वर्तमान अवस्थाका बारेमा विचार आदानप्रदान गर्ने भारतको बाह्य मामिला मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा जनाइएको छ। युक्रेनसँगको भारतको मैत्रीपूर्ण सम्बन्ध तथा साझा चासोका विषयमा बहुपक्षीय एवम् द्विपक्षीय मञ्चहरूमा सहकार्य हुँदै आएको उल्लेख गर्दै विज्ञप्तिमा उपविदेशमन्त्रीको यो भ्रमण आपसी समझदारी र चासोका मामिलामा छलफल गर्न महत्वपूर्ण अवसर हुने बताइएको छ। उनले प्रधानमन्त्री नरेन्द्र मोदी वा उनको सरकारका मन्त्रीहरूलाई भेट्नेबारेमा विज्ञप्तिमा केही उल्लेख गरिएको छैन । गत वर्ष भारतका प्रधानमन्त्रीले रुसी राष्ट्रपति पुटिनलाई ‘यो युद्धको समय’नभएको बताएका थिए । रुसको लामो समयदेखिको सहयोगी भारतले आगामी जुलाईमा आयोजना गर्ने साङ्घाइ सहयोग सङ्गठनको शिखर सम्मेलनमा भाग लिने अपेक्षा गरिएको छ। यसैबीच द हिन्दुको शनिवारको संस्करणमा युक्रेनी उपविदेशमन्त्रीले दिल्लीमा वरिष्ठ सञ्चारकर्मी तथा विद्वत्वर्गसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने समाचार प्रकाशन गरेको छ । साथै उनले प्रधानमन्त्री मोदीलाई युक्रेन भ्रमणका निम्ति आमन्त्रण गर्ने सम्भवना रहेको बताइएको छ।

# विश्व बैंकले सुधारका लागि थप ५० अर्ब डलर ऋण दिन सक्छ : एलेन




वासिङ्टन।

विश्व बैंकको जारी सुधारका कारण आगामी दशकमा ५० अर्ब अमेरिकी डलरको ऋण वृद्धि हुन सक्ने अमेरिकी अर्थमन्त्री जेनेट एलेनले एएफपीलाई बताएका छन् ।आगामी साता अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व बैंकको बसन्त बैठक (स्प्रिङ मिटिङ)का लागि १८० भन्दा बढी सदस्य राष्ट्रका केन्द्रीय बैंकर, अर्थमन्त्री र सहभागी अमेरिकी राजधानीमा भेला हुने अपेक्षा गरिएको छ।

जलवायु परिवर्तनजस्ता विश्वव्यापी चुनौतीहरूको पुनः उत्थान र सामना गर्न ऋणदाताहरूलाई दबाब दिइरहेका बेला छलफलको एक प्रमुख विषय विश्व बैंकको विकास हुनेछ । संयुक्त राज्य अमेरिका विश्व बैंक समूहको सबैभन्दा ठूलो शेयरधारक हो।

“जलवायु परिवर्तन, महामारी र द्वन्द्व तथा कमजोरीविरुद्ध मुख्य लक्ष्यमा लचिलोपन निर्माण गर्ने बैंकको मिसनको अद्यावधिक हुने अपेक्षा गर्दछु,” एलेनले एएफपीसँगको अन्तर्वार्तामा भने ।उनले भने, “यी चुनौतीहरू अलग वा परस्पर विरोधी छैनन् तर अभिन्न रूपमा जोडिएका छन् भन्ने कुराको पहिचान हुनु आवश्यक छ।”“दोस्रो, बैंकले यी उद्देश्यहरू पूरा गर्न आफ्नो वित्तीय क्षमता विस्तार गरिरहेको छ भन्ने घोषणा हुनेछ, र परिवर्तनहरू अपनाउने वा परिवर्तनहरूलाई समर्थन गर्ने छ जसले अर्को दशकमा थप ५० अर्ब डलर अतिरिक्त ऋण क्षमतामा परिणाम दिन सक्छ,” एलेनले भने । यो कदमले पुनर्निर्माण र विकासको लागि अन्तर्राष्ट्रिय बैंक (आईबीआरडी) को दिगो ऋण को स्तर मा २० प्रतिशतको वृद्धिको रूपमा एक महत्वपूर्ण संसाधन प्रोत्साहन हुनेछ । आईबीआरडी विश्व बैंकको मध्यम आय भएको ऋण दिने शाखा हो।

# मेयरले डोजर चलाएर हटाए पुजारीको अतिक्रमण



मधेशदृष्टि
वीरगंज, २५ चैत।
झन्डै तीन दशकदेखि अतिक्रमणमा परेको वीरगंजको घडिअर्वा पोखरीअगाडि रहेको रामजनकी मन्दिरको जग्गा वीरगंज महानगरपालिकाले शनिबार डोजर लगाएर खाली गरेको छ।

वीरगंज-१० स्थित घडिअर्वा पोखरीको मूलद्वारसामुन्नेको रामजानकी मन्दिरसँग रहेको जग्गा मन्दिरका पुजारी भनेर शम्भुनाथ तिवारीले वर्षौँदेखि भोगचलन गरिरहेका थिए। महानगरले अतिक्रमण खाली गराउन आग्रह गर्दा उल्टै पुजारी तिवारीले महानगरविरुद्ध मन्दिर अतिक्रमण तथा तोडफोड गर्न नदिन माग गर्दै उच्च अदालत वीरगंजमा रिट दायर गरेका थिए। तर अदालतले उनको रिट अस्वीकार गरेसँगै महानगरले पुजारीले मन्दिर नै बन्धक बनाउने गरी निर्माण गरेको संरचना डोजर लगाएर शनिबार हटाएको हो।

फागुन ४ गते पुजारीकै पक्षमा जारी भएको अन्तरिम आदेश खारेजीको माग गर्दै वीरगंज महानगर अदालत गएपछि शुक्रबार न्यायाधीशद्वय सारङ्गा सुवेदी र शान्ता सेढाईं सापकोटाको संयुक्त इजलासले महानगरकै पक्षमा आदेश दिएसँगै शनिबार अतिक्रमण हटाइएको हो। तीन दशक भन्दा बढी समयदेखि मन्दिर प्रवेशमा समेत पुजारीले रोक लगाएर अतिक्रमण गरी निर्माण गरिएको पक्की संरचनामा तिवारीले भाडा असुली गरिरहेका थिए। महानरपालिकाका प्रमुख राजेशमान सिंहले मठमन्दिर तथा सार्वजनिक, ऐलानी जग्गा खोजी अभियान चलाएर अतिक्रमण हटाउने अभियान जारी राखेका छन्। अतिक्रमण हटाउन शनिबार महानगरका प्रमुख सिंह आफैँ डोजरसहित पुगेका थिए। विक्रम सम्वत १९८२ देखि रामजानकी मन्दिरकै नाममा रहेको जग्गामा पुजारी तिवारीले गएको तीन दशक भन्दा बढी समय मन्दिर नै बन्धक हुने गरी अतिक्रमण गरेर तीनतर्फ पक्की संरचना बनाएर भाडा लिइरहेका थिए।

अदालतले महानगरकै पक्षमा आदेश दिएसँगै सबै अतिक्रमित संरचना हटाएर मन्दिरलाई पुरानै संरचनामा फर्काएर दैनिक पुजापाठ हुने गरी सञ्चालनमा ल्याइने महानगर प्रमुख सिंहले बताए।

रामजानकी मन्दिरको वर्षौंदेखिको अतिक्रमण हटेसँगै स्थानीय खुशी भएका छन्। नगर प्रमुख सिंहसँगै अतिक्रमण हटाउन महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, वडा नम्बर १० का अध्यक्ष सुशील कुमार कानु, महागनरपालिकाका प्रशासन प्रमुख राज ताम्राकार, नगर प्रहरी प्रमुख हरि भुषाल, सरसफाइ प्रमुख सर्फुदिन मियाँ समेतको टोली घटनास्थल पुगेको थियो।

# सम्पदा जोगाएर धार्मिक पर्यटन बढाऔँः मुख्यमन्त्री



मधेशदृष्टि
वीरगंज, २५ चैत।
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले धार्मिक तथा ऐतिहासिक संरचनाको जगेर्ना गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन्।

बाराको जीतपुरमा गरिएको २४ कुण्डीय गायत्री महायज्ञको शनिबार समापन गर्दै मुख्यमन्त्री यादवले मधेश प्रदेशमा पर्यटकीय सम्भावना बोकेको प्रशस्त मठ, मन्दिरलगायत ऐतिहासिक तथा पुरातात्विक सम्भावनाका स्थलहरु रहेकाले यसको संरक्षण र विकासमा सबै पक्ष लाग्नु पर्ने कुरामा जोड दिए।

उनले पुजापाठ आत्माको शान्ति र शुद्धताका लागि गरिने हुँदा सबैले यसका लागि समय छुट्याउनुसमेत आग्रह गरे। बुधबारबाट सुरु भएको महायज्ञ शनिबार समापन भएको छ। हरेक दिन बिहान ७ बजे देखि ११ बजेसम्म गायत्री हवन गरिएको थियो। पुजा समितिका अध्यक्ष शिवजी साह सोनारको अध्यक्षतामा भएको कार्यक्रम सञ्चालन राजुराज गिरीले गरेका थिए। कार्यक्रममा मुख्यमन्त्री यादवसहित प्रदेश सभा सदस्य देवनारायण चौधरी, प्रतिनिधि सभा सदस्य किसान श्रेष्ठका प्रतिनिधि विकास साहलगायतका व्यक्तिलाई सम्मान गरिएको थियो।

# घरदैलोमा प्रभु साह



मधेशदृष्टि, बारा, २५ चैत।
बारा-२ मा हुने उपनिर्वाचनमा आफ्ना पार्टीका उम्मेदवारको प्रचारका लागि आमजनता पार्टीका अध्यक्ष प्रभु साह घरदैलो अभियानमा सक्रिय भएका छन्। पार्टीका उमेदवार अरुण ज्ञवालीलाई लिएर पूर्वमन्त्रीसमेत रहेका साह घरदैलोमा सरिक भएका हुन्। उनले शनिबार गञ्जभवानीपुरमा घरदैलो गर्दै स्थानीयलाई आफ्ना पार्टीका उम्मेदवारलाई मतदान गर्न अपिल गरे।

# हनुमान जयन्तीका अवसरमा वृहत् शोभायात्रा



मधेशदृष्टि, वीरगंज, २५ चैत।
हनुमान जयन्तीका अवसरमा विश्व हिन्दू परिषद पर्साले शनिबार वीरगंजमा वृहत शोभायात्रा निकालेको छ। शनिबार अपरान्ह ३ बजे विभिन्न स्थानबाट निस्किएको शोभायात्रा घण्टाघरमा एकीकृत भई नगर परिक्रमा गरेको थियो। जय श्रीराम, जय हनुमान लेखिएका झण्डा बोकेका युवाले मोटरसाइकल तथा पैदल यात्रामा हजारौको संख्यामा सहभागी भई शोभायात्रा निकाल्दा वीरगंज बजारको ट्राफिक व्यवस्थापन अस्तव्यस्त भएको थियो। शोभा यात्रा नगर परिक्रमापश्चात पुरानो बसपार्क पुगेर समापन भएको थियो।

# प्राथमिक तहमै मैथिली भाषा पढाऔँः झा



विनय कर्ण
सप्तरी, २५ चैत।
नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले मैथिली भाषा संरक्षणका लागि प्राथमिक शिक्षामा मैथिली भाषाको पढाइ अनिवार्य गरिनुपर्ने बताएका छन्। उनले संविधानले मैथिली भाषालाई सूचीकृत गरे पनि प्राथमिक तहदेखिको शिक्षामा लागु नहुँदा र राजकाजको भाषा नबन्दा मैथिली भाषा ओझेलमा पार्ने काम भइरहेको बताए।

मैथिली साहित्य परिषद् सप्तरीको १७ औं र मैथिल महिला परिषदको नवौं संयुक्त साधारण सभा उद्घाट्नमा झाले आफू रेल्वे कम्पनीका महाप्रबन्धक भएपछि जनकपुर-जयनगर अन्तर्गतको आठ वटा रेल्वे स्टेसनमा मिथिला पेन्टिङ र मैथिली भाषामा माइकिङ गर्न लगाएर कार्यरत रहेकै क्षेत्रमा मैथिली भाषा र कला संस्कृति संरक्षण गर्ने काम गरेको जानकारी दिए।

परिषद्का आजीवन सदस्यसमेत रहेका झाले आफू विगतमा प्राथमिक तहमा मैथिली पढाइका लागि सप्तरीको विभिन्न स्थानमा अभियान चलाएको स्मरण गर्दै पाँच दशक भन्दा बढीको इतिहास बोकेका परिषद्ले यस्ता अभियानलाई अझै सशक्त भएर अगाडि बढाउनुपर्नेमा जोड दिए।

उनी मैथिल विद्यार्थी परिषद्का अध्यक्ष रहिसकेका व्यक्ति हुन्। 'अहिले मधेशी भाषा भनेर केही राजनीतिक दलहरुले मैथिली भाषाको आस्तित्व छायामा पार्ने काम गरिरहेका छन्, यसप्रति मिथिलाबासी र मैथिलीभाषी सचेत हुनुपर्छ,' झाले भने।

परिषद्का अध्यक्ष सतिशकुमार दत्त र मैथिल महिला परिषदकी अध्यक्ष शान्ति झाको अध्यक्षतामा आयोजित कार्यक्रममा परिषदका पूर्वअध्यक्षहरु विष्णुकुमार मण्डल, देवेन्द्र मिश्र, विवेकानन्द मिश्र र अशोक झासहितका वक्ताले परिषद्का ऐतिहासिक कामबारे जानकारी गराउँदै साधारण सभा सफलताको शुभकामना व्यक्त गरेका थिए।

# रौतहटका सबै पालिकाले वारुणयन्त्र खरिद गर्ने

मधेशदृष्टि
वीरगंज, २५ चैत।
जिल्ला दैवीप्रकोप उद्धार समिति रौतहटले सबै पालिकामा वारुणयन्त्र खरिद गर्न पहल गर्ने भएको छ।

सुख्खा मौसममा आगलागीका घटना वृद्धि भएसँगै समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको हो। बैठकमा आगलागीका घटनाप्रति सर्वसाधारणमा सजगता अपनाउन चेतना अभिवृद्धि गर्ने, वारुणयन्त्र खरिदका लागि सबै पालिकालाई अनुरोध गर्ने, एउटा पालिकाले खरिद तथा सञ्चालन गर्न सक्षम नभए दुईवटा पालिकालाई मिलाएर खरिद गर्न पहल गर्ने, वारुणयन्त्र खरिद नहुञ्जेलसम्म पानी भरिएको ट्याङ्कर तयारी अवस्थामा राख्न सबै पालिकामा अनुरोध गर्ने निर्णय भएको मिश्रले जानकारी दिए।

बैठकमा गौर नगरपालिकाका प्रमुख शम्भु साहले आगलागी हुँदा सर्वसाधारण आगो नियन्त्रण गर्न तम्सिनु भन्दा मोबाइलमा भिडियो बनाउने र रमिता हेरेर बस्ने गरेको कारण धनजनको बढी क्षति हुने गरेको बताए। १८ वटा पालिका रहेको रौतहटमा गौर र चन्द्रपुर नगरपालिकामा मात्र वारुणयन्त्र छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक वीरबहादुर बढामगरले चालु आर्थिक वर्षमा विपतबाट रौतहटमा ८ करोड ४६ लाख रुपैयाँ बराबरको क्षति भएको बताए।

# भन्सार छलेका मलसहित तीन पक्राउ

मधेशदृष्टि
वीरगंज, २५ चैत।
बाराको जीतपुरस्थित मल पसलमा राजश्व अनुसन्धान कार्यालयले छापा मारेको छ। राजश्व अनुसन्धान कार्यालय पथलैयाले छापा मारेर भन्सार छलेर भारतबाट भित्र्याएको १ सय ९१ बोरा भारतीय युरिया मलसहित तीन जनालाई पक्राउ गरेको छ।

भन्सार छलीको मल तस्करी गरिरहेको मोटरसाइललाई पछ्याउँदै राजश्व कार्यालयको टोली लक्की मल बिउबिजन भण्डार जीतपुर र पुजा इन्टरप्राइजेज जीतपुर पुगेर छापा मारेको कार्यालयका प्रमुख अनुसन्धान अधिकृत तेजनारायण यादवले जानकारी दिए। राजश्व कार्यालयको छापा पर्नेबित्तिकै जीतपुरमा रहेका अन्य मल पसल धमाधम बन्द भएका थिए। राजस्व र प्रहरीको टोलीले बिआर २२ इ ६४१८ र बिआर ०५ एए ८५८१ नम्बरको भारतीय नम्बर प्लेटको मोटरसाइकलसहित मल तस्करलाई नियन्त्रणमा लिएको हो।

दुवै मोटरसाइकलमा ६-६ बोरा युरिया मल लोड थियो। राजश्व अनुसन्धान टोलीले लक्की मल बिउबिजन भण्डारका सञ्चालक अख्तर हुसेनलाई समेत नियन्त्रणमा लिएको छ। भण्डारबाट १ सय १ बोरा र पुजा इन्टरप्राइजेजबाट ७८ बोरा राजस्व छली भित्र्याइएको युरिया मल बरामद भएको छ। पक्राउ परेका तीन जनामाथि राजश्व छली कसुरमा मुद्धा चलाइने राजश्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख अनुसन्धान अधिकृत यादवले जानकारी दिए। राजश्व कार्यालयले बरामद गरेको युरिया मलको बजार मूल्य करिब दुई लाख रुपैयाँ बराबर छ। राजश्व अनुसन्धान कार्यालय पथलैयाले गरेको छापामारीमा इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक प्रदिपबहादुर क्षेत्रीको कमान्डमा सिमरा र इलाका प्रहरी कार्यालय जीतपुरको टोली खटिएका थिए।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल